चतुरशीतिपूजाविधिः

(चौरासिपूजाको पद्धति)



परिष्कर्ता
पण्डत-कविराज-नरनाथशर्मा आचार्यः

स्वाद्ध्यायशाला

खीद

चतुरशीतिपूजाविधिः

(चौरासिपूजाको पद्धति)

[सङ्क्षिप्त-नेपालि-अनुवाद-सहित]

परिष्कर्ता

पण्डित-कविराज-नरनाथशर्मा आचार्यः

सम्पादकः

शिवराज आचार्यः कौण्डिन्न्यायनः

आचार्यः, एम्.ए., विद्यावारिधिः (पिएच्.डि.), वाचस्पतिः (डि.लिट्.)

स्वाद्ध्यायशाला

प्रकाशकम्—

स्वाद्ध्यायशालाकुटुम्बम्।

प्रथमं संस्करणम् १००० प्रतिरूपाणि।

प्रकाशनतिथिः कलिसंवत् ५०७१ (२०६३) निरयणमेषमासः,
कल्पसंवत् १,९७,२९,४९,०७१

मूल्यम् रू. ५०।–

सुसङ्गमकाक्षरयोजकः—

सुमोदवर्धनः कौण्डिन्न्यायनः।

ग्रन्थप्राप्तिस्थानम्—

स्वाद्ध्यायशाला,
१६८, शिवभक्तमार्गः (नीलसरस्वतीमार्गसंलग्नः),
लाजिम्पाट्, काष्ठमण्डप-महानगरपालिका–२,
नेपालदेशः। ☎ ४-४३३३२७।
E-mail– svadhyaya@hotmail.com

मुद्रकः— ॐशिवशक्तिमुद्रणालयः, बागबजारटोल्लकम्, ☎ ४२२६०३८।

विषयानुक्रमणिका

प्रस्ताविका

प्रस्तुत चतुरशीतिपूजाविधिका परिष्कर्ता पण्डित कविराज नरनाथ आचार्य कुशाग्रीयबुद्धि, परिश्रमि[1], उद्यमशील, न्याय्यवृत्तिपरायण, कर्मयोगि तथा व्यावहारिक चल्तिको धर्मशास्त्र, नीतिशास्त्र, ज्योतिष, कर्मकाण्ड, कथा-पुराण, अइन-कानुन, लेखापडि इत्यादिमा विचक्षण, स्पष्टवक्ता, हकि, लेखक, कवि र थोरै व्ययले चिकित्सा गरिदिने सरल स्वभावका कुशल चिकित्सक (कविराज) हुनुहुन्थ्यो।

व्ााँहाँको जन्म चल्तिको कालगणनाअनुसारको १९६२ संवत्को निरयण सौर मीनमासको (चइतको) १९ गते आइतवारका दिन भएको थियो। व्ााँहाँको जन्मको १०० वर्ष पुगेका अवसरमा व्ााँहाँको कर्मकाण्डिपक्षको यो सानु कृति सङ्क्षिप्त-चतुरशीतिपूजाविधि **सङ्क्षिप्त प्रस्ताविका र व्ााँहाँको सङ्क्षिप्त परिचय दिने परिशिष्टका साथमा प्रकाशित गर्न लागिएको छ। एस प्रसङ्गमा कर्मकाण्डसम्बद्ध केइ प्रमुख कुरा तल लेखिँदै छन्।**

कर्मकाण्डको महत्त्व

वेद भारतवर्षको महान् निधि हो। वैदिक जीवनयात्रापद्धति भारतवर्षवासि-हरुको ऐहलौकिक र पारलौकिक सुखसमृद्धिको र पारमार्थिक कल्याणको साधनाको पद्धति हो। वैदिक जीवनयात्रापद्धतिमा कर्मकाण्डको महत्त्वपूर्ण स्थान छ। एसलाइ सतहि बुद्धि भएका नास्तिकहरुले महत्त्व नदिए पनि विचारशील आस्तिक व्यक्तिहरुले कर्मकाण्डको गाम्भीर्य र महत्त्व बुज्न पर्छ, एसलाइ उपहास्य रूपमा पुग्न दिन हुँदैन।

वैदिक जीवनयात्रामा गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरुको महत्त्व

कर्मकाण्डको सम्पादनका लागि वैदिक-सनातन-वर्णाश्रमधर्मिहरुका निम्ति गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरुको आवश्यकता पर्छ। ब्राह्मणको सम्बन्ध नगरि गरेको धर्मकर्मको फल हुँदैन। तेसैले योग्य ब्राह्मण नपाउँदा कुशको ब्राह्मण भने पनि राखेर श्राद्ध गरिञ्छ। ब्राह्मण उपस्थित नहुँदा पनि ब्राह्मणको नाम पारेर दान-दक्षिणा पञ्छाइञ्छ र कर्म गरिञ्छ। तसर्थ भारतवर्षनिवासि समाजको प्रमुख धाराका वर्णाश्रमधर्माऽनुयायि मनुष्यहरुमा गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरुको विशिष्ट स्थान छ। तेसैले ब्राह्मणहरुले श्रुति-स्मृति-पुराण-वाङ्मयको र तिनमा बताइएको धर्म-मोक्षसम्बन्धि ज्ञानको पनि

---

१. **द्रष्टव्य**— स्वाद्ध्यायशालाकुटुम्बले अँगालेका भाषाव्याकरणसम्बन्धि शाश्वत सिद्धान्तहरु बुज्न **जिम्दो नेपालि भासा** (पैलो खण्ड २०३०), **नेपाली वर्णोच्चारण-शिक्षा** (साझाप्रकाशन २०३१), **जिम्दो नेपालि भासा** (दोस्स्रो खण्ड २०३७) र **हलन्तबहिष्कारदेखि जिम्दोनेपालि-सम्म उठेका विभिन्न प्रश्नको मूल्ल्याङ्कन र तिनको समाधान** (पच्चिस वर्षका भाषिक चर्चा, ने.रा.प्र.प्र. २०३९, पृ.२१२–२३२) हेर्नुहोस्।

अनुशीलन गर्नैपर्छ। आँफु आचारवान् र विचारशील पनि हुनैपर्छ। आँफु लोकको अश्रद्धाको र अनादरको पात्र हुने गरि कुनै बोलि र व्यवहार गर्न हुँदैन। किन्तु उक्त विषयमा गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरुमा दिन-प्रतिदिन दुर्बलता बढ्दै गैराखेको अनुभव हुँदैछ। एसबाट वैदिक-सनातन-वर्णाश्रमधर्ममर्यादामा ठुलो क्षति भैराखेको छ। तसर्थ उक्त दुर्बलता हटाइ हुँदै गरेको उक्त क्षति रोक्न गरिएको प्रयासका रूपमा हामिले तल लेखिएका ग्रन्थहरु प्रकाशित गरे-गराएका छम्। तिनको आस्तिक वैदिक सज्जनहरुले अवलोकन र प्रचार गर्नुहोला भन्ने आकाङ्क्षा राखिएको छ।

गुरु-पुरोहितादिका लागि विशेष उपयोगि हाम्रा प्रकाशनहरु—

१. **वैदिक धर्म मूल रूपमा—** यो ग्रन्थ २०४५ संवत्मा प्रथमसंस्करणका रूपमा प्रकाशित भएको थियो। ऐले २०६२ संवत्मा सरलीकृत परिष्कृत र परिवर्धित नवीन कलेवरमा तेस्को द्वितीय संस्करण प्रकाशित भएको छ। एसमा वैदिक-सनातन-वर्णाश्रमधर्मको सङ्क्षिप्त सर्वाङ्गीण र प्रामाणिक परिचय छ; श्रुति-स्मृति-पुराणादिशास्त्रको परिचय पनि छ। यो श्रुति-स्मृति-पुराण-वाङ्मय मोथेर निकालेको नौनि हो। एसमा प्रमाणका रूपमा मूल श्रुति-स्मृति-पुराणका हजारन् वचनहरु टिप्पणीहरुमा दिइएका छन्। कुनै पनि एउटा ग्रन्थबाट वा एउटा शिक्षणसंस्थाबाट नपाँइने ज्ञान एस ग्रन्थबाट पाँइञ्छ।

२. काशिनिवासिभिर् विद्वद्भिर् ब्राह्मणैर् दत्ता भारतवर्षबहिर्गमन-विदेशिविधर्मि-सहवाससहभोजनादि-दुरित-**प्रायश्चित्तव्यवस्था** (२०४९)— एसमा समुद्रपार-म्लेच्छ-देश गएकामा र विधर्मि-विदेशि-म्लेच्छहरुसित सहवास-सहभोजनादि गरेकामा द्विजातिले गर्न पर्ने प्रायश्चित्तको व्यवस्थाका साथै सङ्ग्रहीताका देशको कुलको र समाजको इतिवृत्त, चतुरशीतिपूजापद्धति र मुक्तिनाथयात्रावर्णन पनि छन्।

३. माद्ध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाद्ध्यायि-निरग्निक-द्विज-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादि-**वैदिकमन्त्रसङ्ग्रहः** [सपरिशिष्टः] (२०५२)— नेपालि उपाध्यायब्राह्मणादिमा प्रचलित वैदिक कर्मकाण्डपद्धतिहरुमा संशोधन-परिमार्जन गर्नका लागि आँफुले यथाशक्ति गरेका स्वशाखाका वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, परिशिष्टग्रन्थ, प्रातिशाख्य; धर्ममीमांसाशास्त्र, ब्रह्ममीमांसाशास्त्र, अनुस्मृति, पुराण, धर्मशास्त्रनिबन्धग्रन्थ इत्यादिका अध्ययनबाट प्राप्त ज्ञानको उपयोग गरि प्रचलनमा रहेका अशुद्ध कर्मकाण्डपद्धतिहरुलाइ संशोधन गर्न मार्गप्रदर्शन गरि लगभग १००० वर्ष अगिदेखि स्वशाखाकर्मकाण्डमा छाएको अन्धकारलाइ चिर्दै वैदिक-मन्त्र-सङ्ग्रहकारबाट स्वविद्या-धर्म-रक्षाका लागि एस ग्रन्थको रचना गर्ने र प्रकाशन गर्ने काम भएको हो। एतिञ्जेल छापिएका चल्तिका माध्यन्दिनीय-वाजसनेयि-शुक्ल-यजुर्वेद-संहिताका पुस्तकहरु सबै नै प्रातिशाख्यशिक्षादिका दृष्टिले हेर्दा अशुद्ध देखिए-काले एस सङ्ग्रहमा मन्त्रहरु स्वशाखाप्रातिशाख्यादिग्रन्थबाट अन्वाख्यात गुरुपरम्परा-बाट आएका उच्चारणअनुरूप अत्यन्त शुद्ध रूपमा ठुला प्रयासले मुद्रित गराइएका छन्। एस ग्रन्थमा प्रचलित नित्यकर्मादि-पद्धतिहरुको स्वशाखाविरुद्ध अंशको संशोधन गर्न सप्रमाण निर्देशन पनि छ। परिशिष्टमा पौराणकर्ममन्त्र सङ्गृहीत छन्। यो ग्रन्थ

सम्पूर्ण वेद-वेदाङ्ग शास्त्रीयविधिले पढ्न नसक्ने श्रद्धालु आस्तिक द्विजातिहरुलाइ आवश्यक वेदमन्त्रहरुको शुद्ध स्वरूप जान्न र विधिपूर्वक ति मन्त्रहरु गुरुमुख गरि अध्ययनगरेका, सुपरिचित सदाचारि शुद्धकुलीन तथा वेदमन्त्रको दुरुपयोग नगर्ने योग्य ब्राह्मण शिष्यलाइ मात्र वेदमन्त्रको अध्यापन गर्ने, सदाचारि सच्चरित्र स्वतन्त्र गृहस्थ शुद्धकुलीन ब्राह्मण गुरुबाट विधिपूर्वक अत्यावश्यक मन्त्र अध्ययनगर्न सहयोग गरेर वैदिक मूल परम्परालाइ बचाउने उद्देश्यले समेत प्रकाशित गरिएको हो। तसर्थ वैदिक शुद्ध कर्मकाण्ड गर्न-गराउन चाहानेहरुले संस्कृतको यो ग्रन्थ एकपल्ट हेर्नु उचित छ।

४. मा.वा.शुक्लयजुर्वेदशाखाध्यायिनां **सन्ध्योपासनपद्धतिः** (विस्तृतभूमिकायुता, २०५६)— सन्ध्योपासन नगरे ब्राह्मण शूद्रजस्तो हुने हुनाले र अहिलेसम्म प्रकाशित गीताप्रेसले छापेका र आह्निकका समेत सबै नै सन्ध्योपासनपद्धतिहरु माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाको सन्ध्योपासनविधायक मूल ग्रन्थ कात्यायन-त्रिकण्डिक-स्नान-सूत्रका दृष्टिले हेर्दा अशुद्ध देखिएकाले पनि यो सन्ध्योपासनपद्धति प्रकाशित गरिएको हो। एसमा भूमिकामा सदाचारादिका र सन्ध्योपासनका विषयमा समेत जान्न पर्ने धेरै नै कुरा नेपालिमा लेखिएका छन् र श्रुति-स्मृति-पुराणका प्रमाणहरु स्पष्टस्थलनिर्देश-सहित दिइएका छन्।

५. मा.वा.शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां **ब्रह्मयज्ञपद्धतिः** (विस्तृतभूमिकायुता, २०५९)— वैदिक परम्परामा धर्म-मोक्षज्ञानको मूल जरो वेद र वेदको ज्ञानको तथा रक्षाको मूल जरो ब्रह्मयज्ञ भए पनि आस्तिक वैदिक सज्जनहरुमा नै पनि ब्रह्मयज्ञको यथोचित चेतना नभएको जस्तो देखिएकाले सो चेतना जगाउन यो पद्धति प्रकाशित गरिएको हो। वेदमा ब्राह्मणले प्रतिदिन ब्रह्मयज्ञ नगर्नु सूर्यले प्रतिदिन उदाउन छोड्नु-जस्तो हो भनिएको छ। तेसैले ब्रह्मयज्ञ ब्राह्मणले दिनदिनै नगरि नहुने कर्म हो। एस ग्रन्थका भूमिकामा धर्मको लक्षण, शास्त्रको विवरण, ब्राह्मणको लक्षण, वैदिक समाजमा ब्राह्मणको स्थान, ब्राह्मणको कर्तव्य, सदाचारमा शौच-स्नान-सन्ध्योपासन-भक्ष्याऽभक्ष्य-पेयाऽपेय-स्पृश्याऽस्पृश्यादिको व्यवस्था, ब्रह्मयज्ञको वेदोक्त माहात्म्य; ब्रह्मयज्ञका देश, काल, विधि; अरुले बनाएका ब्रह्मयज्ञपद्धतिहरुको समीक्षा इत्यादि जान्नै पर्ने धेरै कुराहरु शास्त्रप्रमाण दिएर नेपालिमा स्पष्ट पारिएका छन्।

६. मा.वा.शुक्लयजुर्वेदशाखाध्यायिनाम् **एकोद्दिष्टश्राद्धपद्धतिः** (विस्तृतभूमिकासहिता, २०५८)—अहिलेसम्मका संस्कृतविश्वविद्यालयले र पाठ्यक्रमविकासकेन्द्रले प्रकाशित गरेका समेत बजारमा देखिएका सबै नै एकोद्दिष्टश्राद्धपद्धतिहरु माध्यन्दिनीयवाज-सनेयिशुक्लयजुर्वेदशाखाका कात्यायन-श्राद्धकल्पसूत्रका दृष्टिले हेर्दा अत्यन्तै भ्रष्ट र अशुद्ध देखिएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि निदर्शनका रूपमा यो एकोद्दिष्टश्राद्धपद्धति प्रकाशित गरिएको हो। भूमिकामा श्राद्धका विषयमा जान्न पर्ने धेरै कुरा नेपालिमा लेखिएका छन् र श्रुति-स्मृति-पुराणका प्रमाण-हरु स्पष्टस्थलनिर्देशसहित दिइएका छन्। मूल पद्धति संस्कृतमा नै छ र सङ्क्षिप्त नेपालि अनुवाद पनि छ। पार्वणश्राद्धपद्धति पनि प्रकाशित गरिँदै छ।

७. **गरुडपुराणम्** [प्रेतकल्पात्मकम्] (सन् २००४)— १६ अध्यायको नौनिधिरामले बनाएको सङ्ग्रहात्मक सारोद्धारग्रन्थलाइ गरुडपुराण ठान्ने लोकको भ्रम हटाइ पुराणका विषयमा, गरुडपुराणका विषयमा, विशेष गरि गरुडपुराणको उत्तरखण्डका (प्रेतकल्पका) विभिन्न संस्करणहरुका विषयमा र अन्त्येष्टिकर्मका विषयमा पनि यथार्थ ज्ञान दिने र मूल गरुडपुराणको प्रेतकल्पको पुस्तक सुलभ गराउने उद्देश्यले हिन्दिमा विस्तृत भूमिका र अनुवाद पनि राखि यो पुस्तक वाराणसीबाट प्रकाशित गराइएको हो। यो मूल गरुडपुराणको उत्तरखण्ड हो। एसमा ४९ अध्याय छन्। कुनै संस्करणमा पाइने ३५ अध्यायको प्रेतकल्परूप उत्तरखण्ड पनि सारोद्धाररूपको मात्र हो र मोक्षोपाय बताउने अध्यायै तेसमा नभएकाले समेत त्यो अपूर्ण पनि हो भन्ने कुरा पनि स्मरणीय छ। भूमिकामा ज्ञातव्य अनेक विषय सङ्गृहीत छन्।

८. **पाणिनीयशिक्षा** (आचार्यकौण्डिन्न्यायनकृतवेदाङ्गशिक्षाविमर्शाख्यव्याख्यासहिता, सन् १९९८, २००४)— शोधोपलब्धिपूर्ण तथा छात्रोपयोगि संस्कृत व्याख्या तथा हिन्दि टीकायुक्त एस ग्रन्थमा शिक्षाग्रन्थहरुको परिचयले युक्त भूमिका तथा परिशिष्ट पनि संलग्न छन्। एस ग्रन्थको अध्ययन वैदिक कर्मकाण्डमा प्रयुक्त हुने संस्कृत भाषाका र मन्त्रहरुका स्वरवर्णहरुको शुद्ध उच्चारणको रीति बुज्ने आधारभूत ज्ञान प्राप्त गर्न अत्यन्त उपयोगि हुन्छ। एस विषयमा बडि बुज्न **कौण्डिन्न्यायनशिक्षा** (२०४९) पढ्न पर्छ।

९. **वेदाङ्गज्योतिषम्** (सोमाकरभाष्येण कौण्डिन्न्यायनव्याख्यानेन च सहितम्, सन् २००५)— दुर्लभ सोमाकरकृत भाष्यले तथा शिवराजआचार्यकौण्डिन्न्यायनबाट रचित अभिनव व्याख्यानले युक्त लगधमुनिप्रोक्त वेदाङ्गज्योतिषको यो अपूर्व संस्करण हो। हिन्दिमा पनि सङ्क्षिप्त भूमिका र व्याख्या प्रस्तुत गरिएको छ। भूमिकाभागमा वेदाङ्गज्योतिषको प्रामाण्य र श्रौत-स्मार्त धर्मकृत्यको कालका निर्धारणमा वर्तमानकालमा पनि वेदाङ्गज्योतिषको अनुसरणीयता तथा प्रचलित सिद्धान्तज्योतिषका ग्रन्थहरुको वेदाङ्गज्योतिषप्रतिकूल प्रतिपादनहरुको अग्राह्यता पनि सिद्ध गरिएको छ। वेदाङ्गज्योतिषका अनुसन्धाताहरुका लागि दुर्बोध भैराखेको वेदाङ्गज्योतिषप्रोक्त अधिमासव्यवस्थाको नेपालमा सुरक्षित प्राचीन ग्रन्थका र नेपालको इतिहासका परिशीलनद्वारा सर्वथा नवीन, युक्तियुक्त, स्पष्ट र प्रामाणिक व्याख्या प्रस्तुत गरिएको छ। साथै एससित सम्बद्ध वेङ्कटेश बापुजि केतकरका व्याख्याको निराकरण पनि गरिएको छ। सबै विशिष्ट स्थलहरुमा शङ्कर बालकृष्ण दीक्षित, लाला छोटेलाल बार्हस्पत्य, सुधाकर द्विवेदी, बाल गङ्गाधर तिलक, शामशास्त्री इत्यादि व्याख्याताका व्याख्याहरुको समीक्षा पनि स्पष्ट शब्दमा गरिएको छ। एसमा श्रौत-स्मार्त-धर्मकृत्यमा ग्राह्य संवत्सर-अयन-ऋतु-मास-पक्ष-तिथिहरुको स्पष्ट प्रतिपादन पनि गरिएको छ। परिशिष्टमा पदसूची, मूल ग्रन्थका महत्त्वपूर्ण दुइ हस्तलेखहरुका प्रतिलिपिहरु, वेदाङ्गज्योतिषानुसारि वैदिकतिथिपञ्जी इत्यादि महत्त्वपूर्ण सामग्री समाविष्ट छन्। वैदिक मूल कालगणनापद्धति बुज्न एस ग्रन्थको अध्ययन अत्यावश्यक छ।

१०. **धार्मिक पञ्चाङ्गमा वैदिक कालगणनापद्धति अँगाल्ने आवश्यकता** (२०५९)— चल्तिका पञ्चाङ्गमा मानिएका वर्ष-अयन-ऋतु-मासादिव्यवस्था आर्यभट-वराहमिहिरादि-मगब्राह्मणका अर्वाचीन ग्रन्थका र तेस्तै सूर्यसिद्धान्तका आधारमा चलेका र अवैदिक

भएकाले वैदिक धर्मकृत्य गर्दा लिन पर्ने युग-वर्ष-अयन-ऋतु-मास-पक्षादि कालको साधारण ज्ञान दिन पनि यो पत्री प्रकाशित गरिएको हो। एस सम्बन्धमा प्रस्तुत ग्रन्थका परिशिष्टमा दिइएको **वैदिक-कालज्ञानम्** पनि हेर्नुहोस्।

११. **व्यावहारिकं संस्कृतम्—** यो संस्कृतको वर्णमालादेखि प्रारम्भ गरेर संस्कृतभाषाका प्रातिपदिकरूप, धातुरूप, विभक्ति, कारक, क्रियापदका कालहरु, अर्थहरु इत्यादिको प्रयोगात्मक ज्ञान दिइ संस्कृत-वाक्य-रचनाको ज्ञान दिने सरल र क्रमबद्ध पाठ्यपुस्तक हो। एसका तिन भाग प्रकाशित भैसकेका छन्। गुरु-पुरोहितको काम गर्न चाहाने र तेसका लागि संस्कृतभाषा सिक्न चाहने द्विजातिहरुका लागि पनि यो पाठ्यपुस्तक-माला उपयोगि छ।

मुख्य रूपमा गृहस्थ ब्राह्मणहरु नै वर्णाश्रमधर्मिहरुका गुरु हुन्

यद्यपि लोकमा सन्यासिलाइ वा मठाधीशलाइ वा अरु वैष्णव-शैव-शाक्तादि विशिष्ट लिङ्गवेषधारि मठाधीशहरुलाइ गुरु वा धर्माचार्य मात्रे भ्रम पनि धेरै नै फैलिएको बुजिञ्छ, तथापि श्रुति-स्मृति-पुराण-प्रतिपादित शास्त्रीय दृष्टिमा र कर्मकाण्डसम्पादनादि व्यवहारमा पनि मुख्य रूपमा गृहस्थ पण्डित ब्राह्मण नै वर्णाश्रमधर्माऽनुयायि जनहरुका गुरु अथवा आचार्य अथवा धर्माचार्य हुञ्छन्, सन्यासिप्रभृति मठधारिहरु गुरु अथवा आचार्य अथवा धर्माचार्य हुँदैनन्। गृहस्थ पण्डित ब्राह्मण नै यजमानहरुका घरघरमा गएर मन्त्र सुनाउँछन्, आवश्यक ज्ञान दिञ्छन्, पुराण सुनाउँछन्, धर्मकृत्य गराउँछन्। अत एव पण्डित गुरुपुरोहित ब्राह्मणहरुले आँफ्नो एस विशिष्ट स्थितिको र उत्तर-दायित्वको बोध गर्नपर्छ र श्रुति-स्मृति-पुराणहरुको राम्रो परिचय तथा तिनमा आवश्यक योग्यता प्राप्त गर्नपर्छ। आँफु आचारवान् र विचारशील पनि हुनपर्छ। आँफु लोकको अश्रद्धाको र अनादरको पात्र हुने गरि कुनै बोलि र व्यवहार गर्न हुँदैन। उनिहरुले श्रुति-स्मृति-पुराणहरुको मर्यादाक्रम र व्यवस्था बुज्नपर्छ। अनि तदनुसार नै यथोचित रूपमा धार्मिककृत्य गर्न-गराउन पर्छ।

यजमानहरुको कर्तव्य

यजमानहरुले पनि शास्त्रविधिअनुसारै धर्मकृत्य सम्पन्न गर्नमा रुचि लिने र आँफ्ना गुरु-पुरोहित-ब्राह्मणहरुलाइ राम्रो सम्मान गरेर समुचित दान-दक्षिणा दिने पनि गर्नपर्छ। समर्थ व्यक्तिले गुरु-पुरोहितको पनि बुडा बाउ-आमाको भैँ नै भरणपोषण गर्नैपर्छ, नगरेमा उ जिम्दै मोरेसरह हुञ्छ भन्ने कुरा भागवतमा पनि भनिएकै छ—

मातरं पितरं वृद्धं भार्यां साध्वीं सुतं शिशुम्।
गुरुं विप्रं प्रपन्नं च कल्पोऽबिभ्रच् छ्वसन् मृतः॥—१०।४५।७।

ऐले हाम्रा समाजमा शिक्षाको प्रसार भएको भनिए पनि वेद-वेदाङ्ग-स्मृति-पुराणादि शास्त्रप्रतिपादित ज्ञान-सदाचारादि-शिक्षाका दृष्टिले हेर्दा त एम्.ए., पिएच्.डि. इत्यादि उपाधि पाएका व्यक्तिहरु पनि निरक्षरभट्टाचार्य जस्तै देखिँदै छन्। हाम्रो

ऐलेको परिस्थितिको विचार गर्दा पुराना विद्वान्को तललिखित मार्मिक उक्तिको वारंवार सम्जना हुञ्छ—

"वृद्धिं गच्छतु पाठ्यपुस्तककला सा योग्यता लीयते
प्रत्याशं प्रसरन्तु धर्मकथकाः सन्ध्याऽपि बन्ध्यायते।
वाचा शंसतु देशधाम जनता नैवाऽऽत्मना चेष्टते
क्षुभ्यन् वेदवृषोऽपयाति शतधा किं सौष्ठवं मन्महे॥"

(भावार्थ— नाना प्रकारका पाठ्यपुस्तक प्रस्तुत गर्ने कला बडोस्, तेसले के होला र, हाम्रा शास्त्रहरुको गम्भीर ज्ञान र तदनुकूल चरित्र हराउँदै छ; पेसेव्रर धर्मकथकहरु दसै दिशामा फैलियुन्, तेसले के होला र, जुन सन्ध्योपासन नगरेमा कुनै धर्मकर्म गर्ने अधिकारै हुँदैन तेइ सन्ध्योपासनलाइ पनि छोडिँदै छ; कसैले मुखले देशको गौरव गाओस्, तेसले पो के होला र, कोइ पनि हृदयदेखि त तदनुकूल प्रयास गर्दैन; एस परिस्थितिमा क्षुब्ध भएर वेदप्रतिपादित धर्म सयन् प्रकारले हामिबाट टाडाटाडा भाग्दै छ, केलाइ लिएर राम्रो मान्नु)।

एस स्थितिमा मूल वैदिक धर्मका अनुयायि, धर्मकाम, आस्तिक सज्जनहरुले वेदवेदाङ्गादि मूल शास्त्र नजान्ने, शास्त्रोक्त वर्णाश्रमधर्मका नियत आचारविचारको मर्यादा नराख्ने, समुद्रपार म्लेच्छदेश जाने, शास्त्रीय भक्ष्याऽभक्ष्य-पेयाऽपेय-कार्याऽकार्य-व्यवस्थाको र स्नान-सन्ध्योपासनादि वर्णाश्रम-धर्माचारको चर्चै नगर्ने, राजनीतिक वा आर्थिक क्रियाकलापमा निमग्न, परमुखापेक्षि परप्रेरित वा परप्रतारणसहायक परनियन्त्रित, अज्ञातकुलशील, पेसेव्रर धर्मकथकहरुबाट हैन; वेदवेदाङ्गादिशास्त्रका गम्भीर विद्वान्, स्मृति-पुराणका मर्मज्ञ र अरु शास्त्रका पनि अभिज्ञ, लसुन प्याज इत्यादि अभक्ष्य नखाने, अविज्ञात हल्का पेय, मद्य इत्यादि अपेय नपिउने, समुद्रपारम्लेच्छदेश नजाने, स्ववर्णाश्रम-सदाचारको यथाशक्ति पालना गर्ने, अनपाश्रित्यजीवि, स्वतन्त्र, शुद्धकुलीन, शास्त्रधर्मरक्षापरायण, अध्ययन बोध आचरण र प्रचारणको क्रम अँगाल्ने, लोकहितैषि, सुपरिचित आप्त गृहस्थ ब्राह्मणबाट वर्णाश्रमधर्मका मूल शास्त्रहरुको परिचय प्राप्त गरेर तथा शास्त्रवचन-प्रमाणयुक्त धर्मोपदेशहरु सुनेर आवश्यकतानुसार शास्त्रप्रमाणवचन पनि लेखाएर लिएर यथोचित रूपमा धर्मकर्म गर्ने गर्नुपर्छ।

धर्मको नाम मुछेर क्षुद्र राजनीति गर्नेहरुले जेजस्तो नाटक गरे पनि वैदिक-सनातन-वर्णाश्रम-धर्मानुयायि धर्मकाम सज्जनहरुले तिनका विषयमा सावधान हुनु र तिनिहरुका शास्त्रधर्मविरुद्ध कार्यको यथाशक्ति भर्त्सना वा तिरस्कार वा अनादर वा बहिष्कार गर्नु उचित देखिञ्छ। धर्मको वास्तविक अनुष्ठान र धार्मिक आचरण गर्न चाहने सज्जनहरुले गीताको **"तस्माच् छास्त्रं प्रमाणं ते कार्याऽकार्य-व्यवस्थितौ। ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहाऽर्हसि"** (१६।२४) भन्ने उपदेशलाइ र **"तस्मादनुग्रहं पीडां तदभावमपास्य च। धर्माऽधर्मार्थिभिर् नित्यं मृग्यौ विधिनिषेधकौ"** (श्लोकवार्तिक, चोदनासूत्र, श्लो. २४८–२४९) भन्ने वैदिक धर्ममीमांसकशिरोमणि कुमारिल भट्टको

उपदेशलाइ पनि ध्यानमा राखेर वेद-स्मृति-पुराणशास्त्रमा के गर्नु भन्ने विधान छ, के नगर्नु भन्ने निषेध छ त्यो कुरा आँफै पढेर वा सुपरिचित आप्तजनबाट सुनेर राम्ररि बुजेर धर्मकर्म गर्ने गर्नपर्छ। राजनीतिक छट्टुहरुका बहकाइमा लाग्न हुँदैन। एस विषयमा महाकवि कालिदासको आर्कालाइ ठग्ने चलाखिलाइ नै विद्या मान्ने राजनीतिक छट्टुका कुरा पत्याउन हुँदैन भन्ने एउटा सारै महत्त्वपूर्ण उक्ति याँहाँनेर ज्यादै स्मरणीय छ– **"आ जन्मनः शाठ्यमशिक्षितो यस् तस्याऽप्रमाणं वचनं जनस्य। पराऽतिसन्धानमधीयते यैर् विद्येति ते सन्तु किलाऽऽप्तवाचः"** (अभिज्ञानशाकुन्तल ५।२८)। यो कुरा कालिदासले शकुन्तलालाइ दुष्यन्तकाँहाँ पुऱ्याउन गएका ब्रह्मचारि शार्ङ्गरवका मुखबाट प्रस्तुत गरेका छन्। एसबाट हामिले चेतना प्राप्त गर्नपर्छ। पण्डितहरुले पनि धार्मिक जनतामा एस्तो चेतना जगाइ जनतालाइ धर्मका विषयमा राजनीतिक छट्टुहरुका बहकाइमा नपर्ने बनाउन पर्छ।

हामि सबै एसरि सचेत भइ श्रुति-स्मृति-पुराणविहित धर्मको मुख्य रूप र मर्म बुज्न सक्ने हुन पर्छ। एस्तो हुन हामिले आफ्ना आचार-विचार-अर्थोपार्जन-खानपान-व्यवहारमा सुधार गरेर आँफुलाइ तत्पर बनाउन पर्छ। अन्यथा धर्मको स्वरूप र मर्म बुज्न सकिँदैन। देवीभागवतमा भनिएको पनि छ– **"आहारशुद्ध्या नृपते चित्तशुद्धिस्तु जायते। शुद्धे चित्ते प्रकाशः स्याद् धर्मस्य नृपसत्तम"** (६।११।५०)। शाण्डिल्यस्मृतिमा पनि भनिएको छ– **"अमार्गेण धनं लोभात् सम्पाद्य सुखमावसन्। न संसिद्धो भवेत् तस्मात् शुद्धद्रव्यपरो भवेत्"** (श्लो.४९–५०)। श्वेताश्वतरोपनिषद्मा पनि **"यस्य देवे परा भक्तिर् यथा देवे तथा गुरौ। तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः"** भनिएको छ (६।२३)।

धर्मको मर्म राम्ररि बुजि वर्णाश्रमधर्मका आदर्श मार्गमा सबै वर्णहरु र आश्रमिहरु दृढतापूर्वक चल्न सके पृथिवीमा धर्मराज्य स्थापित भै सत्य-र-न्यायको प्रतिष्ठा भएर मानवसमाजमा सुखशान्तिले वास गर्ने थियो। एस प्रसङ्गमा भागवतको एउटा पद्य अगि सारेर गुरु-स्वजन-पिता-माता-पतिहरुमा आँफ्नो गुरुत्वादिको पालना गर्न अर्थ-कामको घेरामा सीमित नभै सम्बद्ध आफन्त व्यक्तिहरुमा शास्त्रचेतना जगाएर धर्ममोक्षमार्गको पनि उपदेश दिन अनुरोध गर्नु प्रासङ्गिकै होला। त्यो भागवतको पद्य यो हो **"गुरुर् न स स्यात् स्वजनो न स स्यात् पिता न स स्याज् जननी न सा स्यात्। दैवं न तत् स्यान् न पतिश् च स स्यान् न मोचयेद् यः समुपेतमृत्युम्"** (५।५।१८)। मोक्षतिर उन्मुख बनाउने धर्मको मार्ग देखाउनुको सट्टा अर्थकाममात्रपरायणतादिरूप अधर्ममा प्रवृत्त गराउने वा आँफै प्रवृत्त हुने आमा, बाउ, दाजु, भाइ, छोरा इत्यादि आफन्तहरु त शत्रु हुन् भन्ने कुरा नारदीय-महापुराणमा भनिएको छ– **"माता वा जनको वाऽपि भ्राता वा तनयोऽपि वा। अधर्मं कुरुते यस् तु स एव रिपुरुच्यते"** (१।८।११५)।

वैदिक-धार्मिक-दार्शनिक परम्परामा कुन शास्त्रीय ग्रन्थको कुन स्थान हो भन्ने कुरा राम्ररि बुज्नपर्छ र आफन्तलाइ पनि तेसको यथार्थ जानकारी दिनपर्छ; कुनै

पनि शास्त्रीय ग्रन्थको व्याख्या यथार्थ नै हुनपर्छ र तेस ग्रन्थको यथोचितै रूपमा सम्मान गर्ने र यथोचितै रूपमा मात्र अनुसरण गर्ने काम पनि गरिनपर्छ; अनधिकारि अविरक्त व्यक्तिहरुलाइ भगवान् भगवान् भन्दै भगवान्‌को भक्ति गरे पुग्छ, अरुथोक केइ गर्नपर्दैन भनेर वा ब्रह्मज्ञान ब्रह्मज्ञान भन्दै ब्रह्मज्ञान गरे पुग्छ, अरुथोक केइ गर्नपर्दैन इत्यादि भनेर तिनले वर्णाश्रमधर्म आचार-विचार छोडेकामा अनुमोदन गर्ने वा तिनलाइ त्यो छोड्न प्रोत्साहित गर्ने वा छोडाइदिने गरेर तिनलाइ नरकमा जाक्ने काम बाउ-आमाले वा अरु आफन्तले वा गुरुले कसैले पनि गर्न हुँदैन, यस सम्बन्धमा महोपनिषद्‌को **"अज्ञस्याऽर्धप्रबुद्धस्य सर्वं ब्रह्मेति यो वदेत्। महानरकजालेषु स तेन विनियोजितः"** (५।१०५) भन्ने उक्तिको पनि विचार राख्नपर्छ।

एस विषयमा वेदको वा मुनिप्रणीत शास्त्रको अर्थ राम्ररि नबुजि तिनलाइ दोष दिने व्यक्ति ब्रह्मघाति हो र शास्त्रविरुद्ध अधर्मरूप कामलाइ धर्म भन्ने व्रतरहित मर्यादाहीन ब्राह्मणहरु ब्रह्मराक्षस हुन् भन्ने तलका उक्ति पनि मननीय छन्–

यः प्रवृत्तां श्रुतिं सम्यक् शास्त्रं वा मुनिभिः कृतम्।
दूषयत्यनभिज्ञाय तं विद्याद् ब्रह्मघातिनम्॥–महाभारत, अनुशासनपर्व २४।८।

अधर्मं धर्ममित्याहुर् ये च मोहवशं गताः।
अव्रता नष्टमर्यादास् ते प्रोक्ता ब्रह्मराक्षसाः॥–महाभारत, अनुशासन.१४५।६२।

वैदिक कर्मकाण्ड उपहास्य हुनपुग्दा हुने हानि

उक्त स्थिति भएमा नै वैदिक जीवनयात्रापद्धतिले आँफ्नो गाम्भीर्य जोगाइ तेस यात्राका पथिकहरुको कल्याण गर्न सक्छ, नत्र त्यो उपहास्य रूपमा पुगि हराउँदै जाञ्छ र वैदिक-सनातन-वर्णाश्रमधर्माऽनुयायि जनता परचक्रिका घसेउटा र दास जस्तै हुनपुग्छन्।

गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरु सचेत हुने आवश्यकता

उक्त स्थितिमा आँफ्नो धर्मको पालन गर्न गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरु विशेष सचेत हुन पर्ने देखिञ्छ। तेसैले गुरु-पुरोहित-पण्डित-ब्राह्मणहरुका हातमा जानंसक्ने एस चतुरशीतिपूजाविधिका प्रस्ताविकामा गुरु-पुरोहित-पण्डित-ब्राह्मण-हरुलाइ सचेत गराउन वैदिक कर्मकाण्डका विषयमा जान्नै पर्ने केइ कुरा सङ्क्षेपमा तल लेखिँदै छन्।

कर्मकाण्डसम्बन्धि कतिपय सामान्य कुराहरु

वर्तमान कालमा वैदिक-सनातन-वर्णाश्रमधर्माऽनुयायिहरुको कर्मकाण्ड शोचनीय स्थितिमा पुग्दै गरेको देखिएकाले तेस विषयमा गुरु-पुरोहितहरुमा अपेक्षित जागरूकता ल्याउन याँहाँ सङ्क्षेपमा केइ कुरा लेखिँदै छ।

स्वधर्मको रक्षाका र प्रचारका लागि गुरुपुरोहितहरुको विशेष कर्तव्य

गुरुपुरोहितहरुले आँफ्ना शिष्य-यजमानहरुलाइ संस्कारत्याग, शिखात्याग, स्नानसन्ध्योपासनत्याग, लशुन-प्याज-छ्यापि-च्याउ-कुखुरा-सुँगुर-बङ्गुरहरुको सङ्ग्रह तथा भक्षण गर्ने काम इत्यादिबाट जोगाउन प्रयास गर्न पर्छ। **"अन्नादे भ्रूणहा मार्ष्टि पत्यौ भार्याऽपचारिणी। गुरौ शिष्यश्च याज्यश्च स्तेनो राजनि किल्बिषम्"** भन्ने मनुस्मृतिका (८।३१७) वचनले भ्रूणहत्या गर्ने व्यक्तिले आँफ्नो पाप उसको अन्न खाने व्यक्तिमा पुछ्ने, दुश्चरित्र स्त्रीले आँफ्नो पाप पतिमा पुछ्ने, चेलाले र यजमानले आँफ्नो पाप गुरु-पुरोहितमा पुछ्ने, चोर-डाँकुहरुले आँफ्नो पाप शासकमा पुछ्ने भन्ने कुरा बुजाएको हुनाले शिष्यको र यजमानको पाप गुरु-पुरोहितमा सर्ने हुनाले गुरु-पुरोहितले आँफ्ना चेला-र-यजमानहरुलाइ अनाचार-भ्रष्टाचारहरुबाट बचाउन् पूर्ण प्रयास गर्न पर्छ। गुरु-पुरोहितले खुट्टा छोड्दिन हुँदैन। उपनयनादि संस्कार गर्दा विधि पुऱ्याएर सदाचारि ब्राह्मणद्वारा उपनयनादि संस्कार गराउने र शिखात्याग, सन्ध्योपासनत्याग, अभक्ष्य-भक्षण इत्यादि अनाचार गर्नेलाइ बाउ-आमाको किरिया गराउँदा मात्र हैन श्राद्ध गराउँदा र विवाह गराउँदा पनि समुचित वचन पारि मुण्डनपूर्वक समुचित प्रायश्चित्त गराएर आँफ्नो शास्त्र-धर्म-परम्परा प्रति सम्मान र श्रद्धा व्यक्त गराउँदै किरिया, श्राद्ध, विवाह इत्यादि गराउने सम्म गरे पनि केइ मात्रामा हाम्रो धर्मको रक्षा होला।

वर्तमान कालका कर्मकाण्डसम्बन्धि मूल समस्या

१. कर्मकाण्ड वैदिक-सनातन-वर्णाश्रमधर्मको सबैभन्दा व्यापक पक्ष भएकाले एसमा न्यूनता दुर्बलता आउँदा वैदिक-सनातन-वर्णाश्रमधर्मको जरो खल्बलिने स्थिति आएको छ।

२. अगि-अगि अरु शिक्षा लिन नसके पनि चण्डी, रुद्री तथा अग्निस्थापना, ग्रह-शान्ति, विवाह, व्रतबन्ध, श्राद्ध इत्यादिका पद्धति सम्म भने पनि पढ्नि चलन रहँदासम्म र सबै ब्राह्मण सुसंस्कृत तथा शिखासूत्रधारण-स्नान-सन्ध्योपासनादि-सदाचारको पालन गर्ने हुँदासम्म प्रायः सबै ब्राह्मणहरुको कर्मकाण्डसम्बन्धि खाँचो आँफ्नै ज्वाँइ-भानिचहरुबाट पुरा हुन्थ्यो, ऐले त्यो चलन हराएकाले प्राय कसैका पनि ज्वाँइ-भानिचहरुबाट त्यो खाँचो टर्न नसक्ने स्थिति भएको छ।

३. अगि संस्कृतशिक्षा लिने व्याकरणमा मध्यमासम्म गर्ने ब्राह्मणहरुले कथा-पुराण भन्ने, कर्मकाण्ड गराउने उद्देश्य लिने गरेकाले तिनबाट पनि त्यो खाँचो टर्थ्यो; ऐले संस्कृतशिक्षा पाँउनेहरुले पनि तेस्तो उद्देश्य नराख्ने गरेकाले कर्मकाण्ड गराउने कथापुराण भन्ने माञ्छे नपाँइने स्थिति पर्न आएको छ।

४. अगि गाम-गाममा संस्कृतभाषापाठशालाहरु थिए, तिनमा संस्कृतमा व्याकरण-मध्यमा सम्म गरेका पण्डित शिक्षक रहन्थे, तिनले कर्मकाण्डको र व्यावहारिक ज्योतिषको शिक्षा पनि दिन्थे, आचार-विचारको शिक्षा, धर्मशास्त्रको निर्णय पनि

दिन्थे; २०११ साल अगि नेपाल अधिराज्यभर व्यापक भएर छरिएर रहेका २३३ एस्ता संस्कृत-भाषापाठशाला थिए; उदाहरणार्थ अगि तनुङ्जिल्लामा बन्दिपुर, पुर्कोट, ज्यामरुक, चोक, चुँदिरम्घा, मैवल, गुदिफच्च्याक, दलभञ्ज्याङ, छाप-थोक, नागरुम, दोरदोर, कर्लुङ, स्याम्घा, ऋषिथुम भन्ने गामहरुमा संस्कृतभाषा-पाठशालाहरु थिए। ऐले गाम-गाममा संस्कृत-भाषापाठशालाहरु र संस्कृतका सदाचारि ब्राह्मण पण्डितहरु पनि छैनन् र भएका प्राथमिक पाठशालाहरुमा भएका शिक्षकहरुबाट उक्त प्रकारले हाम्रो धर्मसंस्कृतिको संरक्षणमा योगदान हुनसक्ने स्थिति हराउँदै गएको छ।

५. हाम्रा वेद-स्मृति-पुराणादि शास्त्रहरुले निर्दिष्ट गरेका मर्यादाअनुसार विधिवत् उपनयनादि संस्कार भएको, शिखासूत्रधारण-स्नान-सन्ध्योपासनादिको नियममा रहेको, लशुन-प्याज-छ्यापि-च्याउ-जाँड-रक्सि-सुँगुर-कुखुरा होटेलका दाल-भात इत्यादि अभक्ष्य नखाने, जाहाँपायो तेइँ खानपान नगर्ने, सदाचारि, शुद्धकुलीन ब्राह्मणले पुरोहित भै कर्मकाण्ड गराउन पर्ने र तेसो भएमा मात्र कर्मको राम्रो फल पाइने हुँदा र तेस्ता ब्राह्मण दिनानुदिन दुर्लभ हुँदै गएकाले पनि ठुलो समस्या खडा भएको छ।

६. कर्मकाण्डको स्वरूप-उद्देश्य-मर्यादा-र-महत्त्वका विषयमा जनतामा चेतना हराउँदै जानाले पनि अद्वितीय जीवनदर्शनका र अतिगम्भीर तत्त्वचिन्तनका पृष्ठभूमिमा खडा भएको हाम्रो कर्मकाण्ड पनि उपहास्य रूपमा पुग्न थालेको छ।

७. स्वदेशि विदेशि नानाप्रकारका कथित धार्मिक सामाजिक संस्थाहरुका क्रिया-कलापले हाम्रा जनताको आर्थिक कमजोरिलाइ र आँफ्नो परम्पराको राम्रो ज्ञानको अभावलाइ आधार बनाएर हाम्रा जनतालाइ बहकाउँदै वैदिक-वर्णाश्रमव्यवस्था-निरपेक्ष मतका प्रभावमा पार्दै लगेकाले समाजमा बडो विकट स्थिति उत्पन्न हुँदैछ।

८. गामघरमा बचेखुचेका धार्मिकजनहरु र पण्डितहरु पनि समाजलाइ केइ भन्न साहस गर्न नसक्ने स्थितिमा पुगेका पाँइञ्छन्।

कर्मकाण्डप्रशिक्षणको आवश्यकता र औचित्य

उपर्युक्त स्थितिमा पौरोहित्य गरिआएका कुलका पौरोहित्यकर्म गर्न चाहने सदाचारि शुद्धकुलीन स्वतन्त्र ब्राह्मणहरुलाइ; आँफुले गर्न पर्ने नित्य-नैमित्तिक-काम्य-कर्मका विषयमा आधारभूत साधारण ज्ञान गर्न चाहने द्विजाति यजमानहरुलाइ र वैदिक-सनातन-वर्णाश्रमधर्मको कर्मकाण्डका विषयमा जिज्ञासा राख्ने जनसाधारण-लाइ पनि उपयोगि हुने गरेर कर्मकाण्डप्रशिक्षणादिको कार्यक्रम यथोचित रूपले योग्य व्यक्तिहरुबाट शास्त्रमर्यादित रूपमा चलाउन उपयुक्त हुने देखिञ्छ। सर्खारि पैसाले, विदेशि-विधर्मिहरुका पैसाले, भद्रगोले चालले अमर्यादित रूपमा कर्मकाण्डप्रशिक्षण चलाउनु उचित देखिँदैन; सामाजिक तहबाट मर्यादित रूपमा प्रशिक्षण चलाउनपर्छ।

कर्मकाण्डप्रशिक्षणसम्बन्धि नीति

१. गाम-गामका प्रा.वि.हरुमा रहेका सदाचारि सदाचारप्रेमि संस्कृतज्ञ र शास्त्रीय रूपमा योग्य उपाध्यायब्राह्मण-शिक्षकहरुलाइ वा अन्य-विषयज्ञ भएपनि शास्त्रीय रूपमा योग्य इच्छुक उपाध्यायब्राह्मणशिक्षकहरुलाइ कर्मकाण्डप्रशिक्षण दिने नीति लिन पर्ने देखिञ्छ।

२. गामघरमा परम्परादेखि कर्मकाण्ड गरिआएकालाइ र गर्न चाहने तथा शास्त्रबाट योग्य ठहर्ने व्यक्तिलाइ नै कर्मकाण्डप्रशिक्षण दिने नीति लिन पर्ने देखिञ्छ।

३. कर्मकाण्डप्रशिक्षण कर्मकाण्डको हतेउरि र लौकिक संस्कृतवाक्य सिकाउन हो, वेदमन्त्र पडाउन हैन, वेदमन्त्र त घरायसि रूपमा नियमपूर्वक पड्न-पडाउन पर्छ भन्ने कुरा प्रशिक्षार्थिलाइ पनि बुजाइदिन पर्छ।

४. वैदिक-सनातन-वर्णाश्रमधर्मको कर्मकाण्डका विषयमा साधारण ज्ञान गर्न मात्र चाहने योग्य द्विजाति यजमानलाइ पनि सो ज्ञान दिन पनि प्रशिक्षण दिने नीति लिन पर्ने देखिञ्छ।

कर्मकाण्डप्रशिक्षणार्थिलाइ दिनपर्ने धर्मको साधारण ज्ञान

१. कर्मकाण्डको प्रशिक्षण लिनेलाइ कर्मकाण्डको आधारभूत कुरा शरीर, जीवात्मा, परमात्मा, संसार इत्यादि विषयको वैदिक सिद्धान्त, संस्कारहरु, सदाचार, तिनको उद्देश्य, पाप-पुण्य, स्वर्ग-नरक, पुनर्जन्म, मोक्ष इत्यादिको सामान्यज्ञान दिन आवश्यक हुञ्छ।

२. कर्मकाण्ड भनेको शास्त्रोक्तधर्मको कुरा हो भन्ने राम्रो ज्ञान दिनु आवश्यक छ।

३. शास्त्रोक्तधर्म भनेको राजादेखि रङ्कसम्म सबैलाइ सन्मार्गमा चल्न प्रेरणा र नैतिक दबाव दिने तथा सुव्यवस्थाद्वारा इहलोक सपार्ने र अदृष्टद्वारा परलोक पनि सपार्ने तत्त्व हो भन्ने कुरा स्पष्ट गर्नपर्छ। (**यतोऽभ्युदयनिश्श्रेयससिद्धिः स धर्मः**)।

४. धर्मको ज्ञान गर्ने साधन चाइँ पुराण, तर्क, मीमांसा, स्मृतिहरु, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष इ शास्त्रले उपबृंहित ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद हुन् भन्ने कुरा बुजाउन पर्छ। (**पुराण-तर्क-मीमांसा-धर्मशास्त्राङ्ग-मिश्रिताः। वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश॥**–याज्ञवल्क्यस्मृति १।३)।

५. वेद धर्मसाक्षात्कार गरेका ऋषिले उपदेश गरेका वाक्य हुनाले र अनादिकालदेखि अविच्छिन्न गुरुशिष्य-परम्पराले सन्देहरहित रूपमा आएका हुनाले धर्ममा परम प्रमाण मानिएका हुन् भन्ने कुरा स्पष्ट गर्नु आवश्यक छ।

६. स्मृति-पुराणहरु वेदार्थ जान्ने मुनिहरुले उपदेश गरेका वाक्य हुनाले र वेदका आधारमा बनेका हुनाले धर्ममा प्रमाण मानिएका हुन्, कतिपय परिशिष्टग्रन्थहरु,

उपपुराणहरु र औपपुराणहरु श्रुति-स्मृति-पुराणका अर्थ र रहस्य बुजेका शिष्टहरुले उपदेश गरेका वाक्य हुनाले धर्ममा प्रमाण मानिएका हुन् भन्ने कुरा बुजाउन पर्छ।

७. एसरि धर्ममा प्रमाण मानिएका शास्त्रहरुमा पनि आगमभन्दा (तन्त्रभन्दा) पुराण-रामायण-महाभारतादि बलिया प्रमाण, पुराण-रामायण-महाभारतादिभन्दा याज्ञवल्क्यस्मृति, मनुस्मृति, पराशरस्मृति इत्यादि स्मृतिहरु बलिया प्रमाण, स्मृतिहरुमा पनि स्वशाखावेदमन्त्रसंहिता-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्रका अनुकूल स्मृति बलिया प्रमाण, अरु स्मृतिहरुभन्दा स्वशाखाका श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्रहरु बलिया प्रमाण; स्मृतिहरुभन्दा सामान्यतया श्रुतिहरु बलिया प्रमाण र श्रुतिहरुमा पनि स्वशाखाश्रुति बलिया प्रमाण मानिञ्छन् भन्ने कुरा स्पष्ट गर्नपर्छ।

८. धर्मको ज्ञान गर्न चाहाने माञ्छेले सामान्यतया आगम (तन्त्र), पुराण, उपपुराण, औपपुराण, स्मृतिहरु, धर्मसूत्रहरु, गृह्यसूत्रहरु, गृह्यसूत्रपरिशिष्टहरु, श्रौतसूत्रहरु, श्रौतसूत्रपरिशिष्टहरु, ब्राह्मणग्रन्थहरु, वेदमन्त्रसंहिताहरु इत्यादि ग्रन्थहरुको परिचय प्राप्त गर्नपर्छ र स्वशाखावेदमन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्र-परिशिष्टग्रन्थहरुको राम्ररि अध्ययन गर्नपर्छ भन्ने कुरा पनि स्पष्ट गर्नपर्छ। (उक्त ग्रन्थहरुको परिचय **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा प्राप्य छ)।

९. ऋषिहरुले धर्मसाक्षात्कार गरेका हुनाले तिनका वाक्यहरु धर्ममा प्रमाण हुन्; हामिले आँफुले धर्मसाक्षात्कार गर्न नसकेका र ऋषिका शास्त्रोपदेशका आधारमा मात्र धर्मका विषयमा जानेका हुनाले हाम्रा स्वतन्त्र वाक्य धर्ममा प्रमाण हैनन्; मूलशास्त्रप्रमाण दिएर बोलेका वाक्य मात्र धर्ममा प्रमाण हुन् भन्ने कुरा स्पष्ट गरिदिनु पर्छ।

१०. कर्मकाण्डको शास्त्रीय परम्पराको संरक्षण गर्न चाहाने हामि सबैले वेदादिशास्त्रको अध्ययनलाइ र संस्कृतभाषा सिक्ने कामलाइ पनि प्रोत्साहित गर्न आवश्यक छ भन्ने कुरा बुजाउन पर्छ।

११. हामिले वेदादिशास्त्रको ज्ञान गरेर धर्मकर्म गर्दा राम्ररि विधिअनुसार कर्म गर्न पर्छ, विधिअनुसार नियममा रहेर कर्म नगरे शुभ अदृष्ट उत्पन्न हुँदैन; अनि परलोकमा मिल्न पर्ने फल मिल्दैन; अनि कर्म गर्दाको श्रम र साधन खेरा जाञ्छ, तेत्ति मात्र हैन संस्कारादि कर्म गर्दा आवश्यक शास्त्रविधि, श्रद्धा, नियमहरु नपुग्नाले संस्कार्यहरुमा संस्कारै उत्पन्न नहुनाले हाम्रा ओरिपरि संस्कार गरिएका भनिएका हाम्रै भाइ-छोरा वेदादिशास्त्रमा श्रद्धा नै नगर्ने नास्तिक हुँदै जान लागेको र राजादेखि रङ्कसम्मका हिन्दुहरुमध्ये धेरै माञ्छे राष्ट्रनीति, समाजनीति, अर्थनीति, शिक्षानीति, धर्मसंस्कृति इत्यादि सबै क्षेत्रमा परचक्रिहरुबाट आँफ्नो सिद्धान्तको र कार्यक्रमको जगेर्ना गर्न ओच्छ्याइने सोत्तर घसेटाका रूपमा पुग्न जाँदै गरेको पनि देखिँदै छ, यो सबै हाम्रा संस्कारकर्महरु (जातकर्म, नामकरण, अन्नप्राशन, चूडाकरण, उपनयन, उपाकर्म, केशान्त, समावर्तन, विवाह, उदककर्महरु) विधि नपुर्‍याइ गरिनाले र

समुचित श्रद्धा विना झाराटारुवा रूपमा गरिनाले निष्फल भएको लक्षण हो भन्ने पनि स्पष्ट गरिदिन पर्छ। शास्त्रमा धार्मिक व्यक्तिहरुलाइ सावधान गर्दै भनिएकै छ—

पूर्वं निश्चित्य शास्त्रार्थं यथावत् कर्मकारकः।
अवेदनिन्दको धीमानधिकारी व्रतादिषु॥—चतुर्वर्गचिन्तामणि, व्रत., पृ. ३२५।

पुण्यदेशे पुण्यकाले योग्यकाले विशेषतः।
विधिश्रद्धासमायुक्तं कृतं कर्म विशिष्यते॥—लौगाक्षि., स्मृतिसन्-६, पृ.२७३।

इष्ट्वा दत्त्वाऽपि वा मूर्खः स्वर्गं न हि स गच्छति।
शङ्काविहितचारित्रो यः स्वाऽभिप्रायमाश्रितः॥—बौधायन-धर्मसूत्र १।५।७६।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्॥
तस्माच् छास्त्रं प्रमाणं ते कार्याऽकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहाऽर्हसि॥—गीता १६।२३,२४।

अश्रद्धया हुतं दत्तं तपस् तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह॥—गीता १७।२८।

श्रौतं स्मार्तं तथा कर्म कर्तव्यमधिकारिणा।
शुचिना साधनैः शुद्धैः सम्यक् श्रद्धाऽन्वितेन च॥—चतुर्वर्ग., श्राद्ध., पृ. ७८८।

निजवर्णाऽऽश्रमाऽऽचारनिरतः शुद्धमानसः।
व्रतेष्वधिकृतो राजन् अन्यथा विफलः श्रमः॥—चतुर्वर्गचि., व्रत., पृ. ३२५।

आचारयुक्तः श्रद्धालुर् वेदज्ञोऽध्यात्मचिन्तकः।
कर्मणां फलमाप्नोति न्यायाऽर्जितधनश्च यः॥—भविष्यपुराण १।१८१।३८।

चित्तं च वित्तं च नृणां विशुद्धं शस्तश् च कालः कथितो विधिश् च।
पात्रं यथोक्तं परमा च भक्तिर् नृणां प्रयच्छन्त्यभिवाञ्छितानि॥
—वराहपुराण १३।४८, विष्णुपुराण ३।१४।२०, स्कन्दपुराण-आवन्त्यखण्ड १।१६।२२।

१२. आपत्कालमा र अशक्तावस्थामा नित्यकर्म चाइँ जस्तो सकिन्छ तेस्तो गरे पनि श्रद्धाभक्तिपूर्वक गरेमा फल मिल्छ; काम्य कर्म चाइँ विधि पुऱ्याएरै गरेमा मात्र फल मिल्छ, विधि नपुऱ्याएमा फल मिल्दैन भन्ने कुरा पनि स्पष्ट गरिदिन पर्छ। शास्त्रमा भनिएकै छ—

यावच्छक्ति क्रिया नित्ये काम्ये सर्वाऽङ्गसङ्ग्रहः।
—मीमांसानुक्रमणिका, सू. ६।३।१–७, ८–१०।

शठस्योपेक्षकस्याऽपि व्यङ्गं चैवाऽनुतिष्ठतः।
न फलन्त्येव कर्माणि काम्यानीति सतां कथा॥

तस्मात् सम्यगुपेक्षां च त्यक्त्वा सर्वाङ्गयोगतः।
कुर्यात् काम्यानि कर्माणि फलसिद्धिं यदीच्छति॥—शिवपु. ७।२।३०।८३,८४।

धर्मकर्म गर्दा पैलेइ विचार गर्नपर्ने कुराहरु

१. **सुपरिचित ब्राह्मणलाइ नै गुरु-पुरोहित बनाउन पर्छ— "आर्त्विज्यं ब्राह्मणस्यैव"** भन्ने धर्ममीमांसासिद्धान्त भएकाले र तिन पुस्तासम्म नचिनेका ब्राह्मणलाइ नमस्कार सम्म पनि नगर्नु भन्ने वैदिक परम्परा भएकाले सुसंस्कृत सदाचारि शुद्धकुलीन (उपाध्याय) ब्राह्मण भनि चिनिएका व्यक्तिलाइ नै गुरुपुरोहित बनाउन पर्छ, तेसरि राम्ररि नचिनिएका व्यक्तिलाइ गुरु-पुरोहित बनाउन हुँदैन। वैदिक ब्राह्मणादिले वैष्णवादि-विशेषदीक्षा लिएकालाइ पनि ब्राह्मणका रूपमा लिन हुँदैन।

यस्य देशं न जानाति नामगोत्रे त्रिपूरुषम्।
कन्यादानं पितृश्राद्धं नमस्कारं च वर्जयेत्॥—इतिहासोपनिषद् पृ. १६।

वैष्णवीं वाऽथ शैवीं च योऽन्यां दीक्षां समाचरेत्।
ब्राह्मणो न भवेत् सोऽत्र यद्यपि स्यात् षडङ्गवित्॥—स्कन्द.नागर. २७४।८६-८७।

२. **अनाचारि दुराचारि भ्रष्टाचारि दुश्चरित्र ब्राह्मणलाइ गुरु-पुरोहित-ऋत्विक् बनाउन हुँदैन—** 'जसले धर्म छोड्ने अनाचारि भ्रष्टाचारि चरित्रहीन ब्राह्मणलाइ देवकार्य-पितृकार्यमा ब्राह्मणका रूपमा लगाइ तिनलाइ भोजन र दान दिञ्छन्, तिनको त्यो कर्म परलोकका लागि नष्ट हुञ्छ, अर्थात् काम लाग्दैन; जो छोटा बुद्धि भएका माञ्छे जानिजानि तेस्ता धर्म छोड्ने चरित्रहीन ब्राह्मणलाइ देवकार्य-पितृकार्यमा लगाइ भोजन गराउने र दान दिने काम गर्छन् तिनका पितृले परलोकमा विष्ठा खान बाध्य हुनपर्छ भन्ने कुरा निश्चित छ' भन्ने वचन शास्त्रमा पाँइञ्छ—

ये तु धर्मव्यपेतेषु चारित्राऽपगतेषु च।
हव्यं कव्यं प्रयच्छन्ति तेषां तत् प्रेत्य नश्यति॥
ज्ञानपूर्वं तु ये तेभ्यः प्रयच्छन्त्यल्पबुद्धयः।
पुरीषं भुञ्जते तेषां पितरः प्रेत्य निश्चयः॥—महाभारत, अनुशासन. ९०।१५,१६।

३. यो व्यक्ति यो धर्मकृत्य गर्न शास्त्रीय रूपमा अधिकारि हो भन्ने राम्ररि नजानिएका व्यक्तिलाइ कुनै पनि धर्मकृत्य गराउन पनि हुँदैन र व्रतबन्ध गराउन पनि हुँदैन।

नाऽपरीक्षितं याजयेत् नाऽध्यापयेत् नोपनयेत्।—विष्णुधर्मसूत्र २९।४,५,६।

४. विभिन्न प्रकारका नास्तिकत्वमूलक ठुला दोष नभै आँफ्ना कुलपरम्पराले मान्दैआएका गुरुपुरोहितहरुलाइ वा शिष्य-यजमानहरुलाइ छोड्न हुँदैन, तेस्ता ठुला दोष भएमा मात्र छोड्न हुञ्छ—

अनाहिताग्निः शतगुरयज्वा च सहस्रगुः।
सुरापो वृषलीभर्ता ब्रह्महा गुरुतल्पगः॥

असत्प्रतिग्रहे युक्तः स्तेनः कुत्सितयाजकः।
अदोषस् त्यक्तुमन्योन्यं कर्मसङ्करनिश्चयात्॥—कौटलीय अर्थशास्त्र ३।१४।

ऋत्विजं यस् त्यजेद् याज्यो याज्यं चर्त्विक् त्यजेद् यदि।
शक्तं कर्मण्यदुष्टं च तयोर् दण्डः शतंशतम्॥—मनुस्मृति ८।३८८।

आँफुले गर्न लागेको धर्मकृत्य आँफ्ना कुलपरम्पराऽऽगत सदाचारि गुरु-पुरोहितबाट सम्पन्न हुन नसक्ने भएमा त उनको अनुमति लिएर अरु योग्य विद्वान् ब्राह्मणबाट त्यो धर्मकृत्य गराउन पर्छ।

५. **वर्णाश्रमव्यवस्थाअनुसारै धर्मकृत्य गराउन पर्छ—** कर्म गर्ने व्यक्ति कुन वर्णको कुन जातको (शास्त्रअनुसार ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, चण्डाल, अनुलोम वर्णसङ्कर, प्रतिलोम वर्णसङ्कर, व्रात्य, पतित, पातकि के हो) र कुन आश्रमको हो (ब्रह्मचारि, गृहस्थ, वानप्रस्थ, सन्न्यासि, स्नातक, विधुर, अनुपनीत के हो) भन्ने कुरा निश्चित गरेर जसको जेजस्तो शास्त्रोक्त अधिकार हो तदनुसारै कर्म गर्न-गराउन पर्छ, शास्त्रव्यवस्था नाघेर गरेको धर्मकृत्य निष्फल हुन्छ—

निजवर्णाऽऽश्रमाऽऽचारनिरतः शुद्धमानसः।
व्रतेष्वधिकृतो राजन् अन्यथा विफलः श्रमः॥—चतुर्वर्गचि., व्रत., पृ. ३२५।

दत्तमाचारहीनेन न प्रतीच्छन्ति देवताः।
पितरश् च महाभाग ऋषयश् च तपोधनाः॥—विष्णुधर्मोत्तरपुराण ३।२५०।३।

वर्णाऽऽश्रमाऽऽचारवता पुरुषेण परः पुमान्।
विष्णुराराध्यते पन्था नाऽन्यस् तत्तोषकारणम्॥—विष्णुपुराण ३।८।९

तस्मात् सदाचारवता पुरुषेण जनार्दनः।
आराध्यते स्ववर्णोक्तधर्माऽनुष्ठानकारिणा॥—विष्णुपुराण ३।८।११।

ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रश्च धरणीपते।
स्वधर्मतत्परो विष्णुमाराधयति नाऽन्यथा॥—विष्णुपुराण ३।८।१२।

वर्णानामाश्रमाणां च सदाचारः पृथक्पृथक्।
सामान्यः सविशेषश् च स्वधर्मः स उदीर्यते॥—स्कन्दपु., वैष्णव. ९।२०।११।

यः स्वधर्मं परित्यज्य भक्तिमात्रेण जीवति।
न तस्य तुष्यते विष्णुराचारेणैव तुष्यते॥—नारदीयमहापुराण १।१५।१५३।

वर्णाऽऽश्रमविरुद्धञ् च कर्म कुर्वन्ति ये नराः।
कर्मणा मनसा वाचा निरयेषु पतन्ति ते॥—विष्णुपुराण २।६।३२।

वर्णाऽऽश्रमोक्तं वर्तन्ते धर्मं त्यक्त्वा तु ये नराः।
बहिश्शास्त्रं महाभाग ते वै निरयगामिनः ॥–विष्णुधर्मोत्तरपुराण २।११८।७।

स्वकर्मविच्युताः पापा वर्णाश्रमविवर्जिताः।
नरके पूयसम्पूर्णे क्लिश्यन्ते ह्ययुतं समाः ॥–स्कन्द., आवन्त्य.३।१५५।९३–९४।

वर्णाऽऽश्रमविरुद्धानि क्रोधहर्षसमाकुलाः।
कर्माणि ये तु कुर्वन्ति ते वै निरयवासिनः ॥–मूल गरुडपुराण २।३।७३।

चातुराश्रम्यबाह्याश्च श्रुतिबाह्याश्च ये नराः।
विकर्मभिश्च जीवन्ति ते वै नरकगामिनः ॥–महाभारत, अनुशासनपर्व २३।७३।

अपहाय निजं कर्म कृष्णकृष्णेतिवादिनः।
ते हरेर् द्वेषिणः पापा धर्मार्थं जन्म यद् हरेः ॥
–शूद्रकमलाकरमा उद्धृत विष्णुपुराणवचन, पत्र १७, पूर्वपृष्ठ।

यतः प्रवृत्तिर् भूतानां येन सर्वमिदं ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥–गीता १८।४६।

हरिभक्तिपरो वाऽपि हरिध्यानपरोऽपि वा।
भ्रष्टो यः स्वाऽऽश्रमाऽऽचारात् पतितः सोऽभिधीयते ॥–नारदीयमहापु. १।४।२४।

६. **धर्मकर्ममा शास्त्रोक्त विधिको अनुसरणको आवश्यकता–** शास्त्रमा बताइएको विधिअनुसार धर्मकर्म गर्नाले थोरै कर्मको पनि सारै धेरै फल हुञ्छ, विधि छोडेर कर्म गर्नाले धेरै कर्मको पनि सारै थोरै फल हुञ्छ; शास्त्रोक्त विधिअनुसार गरेको कर्मको अक्षय फल हुञ्छ, शास्त्रोक्त विधि छोडेर गरेको कर्मको फल हुँदैन; तेस्ता विधिहीन कर्महरुको फल असुरहरुले हर्छन् इत्यादि कुरा बुजाउने शास्त्रका वचनहरु पाँइञ्छन्। जस्तै–

यथोक्तं कुरुते यस्तु विधिवत् सुकृतं नरः।
स्वल्पं मुनिवरश्रेष्ठ मेरुतुल्यं भवेत् फलम् ॥
विधिहीनं तु यः कुर्यात् सुकृतं मेरुमात्रकम्।
अणुमात्रं तदाप्नोति फलं धर्मस्य नारद ॥–पद्मपुराण, उत्तरखण्ड ६१।१३,१४।

स्नानं दानं जपो होमो देवपूजा द्विजार्चनम्।
अक्षयं जायते सर्वं विधिवच् चेद् भवेत् कृतम् ॥–स्कन्दपु., प्रभास. २।१३।१०।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥–गीता १६।२३।

विधिदृष्टं तु यत् कर्म करोत्यविधिना तु यः।
न फलं किञ्चिदाप्नोति क्लेशमात्रं हि तस्य तत् ॥

श्रद्धाविधिसमायुक्तं कर्म यत् क्रियते नृभिः।
शुचिशुद्धेन भावेन तदानन्त्याय कल्पते॥
विधिहीनं भावदुष्टं कृतमश्रद्धया च यत्।
तद् हरन्त्यसुरास्तस्य मूढस्य त्वकृतात्मनः॥

—योगयाज्ञवल्क्यवचन, हेमाद्रि-श्राद्धखण्ड, पृ. ८८३-८८४।

यः कश्चित् कुरुते धर्मं विधिं हित्वा दुरात्मवान्।
न तत्फलमवाप्नोति कुर्वाणोऽपि विधिच्युतः॥

—लघुहारीतस्मृति ३।३, स्मृतिसन्दर्भ, पृ.९७९।

स्वाभिप्रायकृतं कर्म विधिज्ञानविवर्जितम्।
क्रीडाकर्मेव बालानां तत् सर्वं स्यान् निरर्थकम्॥

—आङ्गिरसस्मृति, उत्तराङ्गिरस १।१०, द्र.- पाराशरमाधवीय, प्रथमभाग, पृ.२९१।

७. **गर्न पर्ने कर्मका सम्बन्धमा शास्त्रव्यवस्था के छ पैलेइ त्यो कुरा राम्ररि बुजेर शास्त्रोक्त रूपमा कर्म गर्न पर्छ—** कुन शास्त्रका कुन विधिवाक्यअनुसार, कस्ता अधिकारिले, के फलका लागि, केकस्ता सामग्रीले, केकस्ता देशमा, केकस्ता कालमा, कुन पदार्थक्रमले, कुन रीतिले कर्म गर्नपर्छ भन्ने कुरा शास्त्रवचनबाट पैलेइ नै राम्ररि निश्चय गरेर शास्त्रानुसार धर्मकर्म गर्ने, वेदादिशास्त्रमा श्रद्धा भएको, तिनको निन्दा नगर्ने, विचारवान् व्यक्ति मात्र गरेको धर्मकर्मको राम्रो फल पाउने अधिकारि हुन्छ भन्ने धर्मतत्त्वज्ञ मनीषिहरुको वचन देखिन्छ। जस्तै—

पूर्वं निश्चित्य शास्त्रार्थं यथावत् कर्मकारकः।
अवेदनिन्दको धीमानधिकारी व्रतादिषु॥

—हेमाद्रिकृत चतुर्वर्गचिन्तामणि, व्रतखण्ड, वाराणसी १९८५ सन्, पृ.३२५।

८. **मुख्य रूपमा स्वशाखोक्तकर्म नै गर्न-गराउन पर्छ—** धर्मकर्ममा स्वशाखोक्त कर्म प्रधान हो। तसर्थ आँफ्ना शाखासूत्रमा भएका उपनयन, विवाह इत्यादि संस्कार, अन्त्येष्टि श्राद्ध इत्यादि धर्मकृत्य आँफ्ना शाखासूत्र-अनुसारै गर्न-गराउन पर्छ—

स्वशाखाश्रयमुत्सृज्य परशाखाश्रयं तु यः।
कर्तुमिच्छति दुर्मेधा मोघं तत् तस्य चेष्टितम्॥—छन्दोगपरिशिष्ट १।३।२।

स्वशाखोक्तं परित्यज्य परशाखोक्तमाचरेत्।
अप्रमाणमृषिं कृत्वा सोऽप्यधर्मेण युज्यते॥—विष्णुधर्मोत्तरपु. २।१२७।४८-४९।

स्वेस्वे गृह्ये यथा प्रोक्तास् तथा संस्कृतयोऽखिलाः।
कर्तव्या भूतिकामेन नाऽन्यथा सिद्धिमृच्छति॥

—वीरमित्रोदय, संस्कारप्रकाश, पृ.१३५; संस्काररत्नमाला, पृ. ४।

सर्वेषामेव पक्षाणां स्वगृह्योक्तं विधीयते।
स्वगृह्योक्तस्य चाऽभावे ग्रहणं स्वेच्छया भवेत्॥—संस्कारदीपक-१, पृ.५६।

अनुल्लङ्घ्य स्वशाखोक्तविधिं कर्म समाचरेत्।

—संस्कारभास्कर, खेमराज श्रीकृष्णदास, मुम्बयी, १९६९ वै., पत्र ३ उत्तरपृष्ठ; संस्काररत्नमाला, पृ. ८।

९. **वेदमन्त्रको प्रयोग शुद्धरूपमा नै गर्नपर्छ—** वैदिक-सनातन-वर्णाश्रमधर्माऽनुयायि द्विजातिहरुले वेदका मन्त्रको शुद्धरूपमा नै प्रयोग गर्नपर्छ। शुद्ध वेदमन्त्र भन्नाले शास्त्रीय अधिकार भएका गुरुका मुखबाट विधिपूर्वक श्रद्धाभक्तिपूर्वक वेद पडेका र सुपरिचित शास्त्रीय अधिकारि व्यक्तिलाइ मात्र विधिपूर्वक वेद पडाउने गुरुका मुखबाट विधिपूर्वक सुनेर पडिएको, स्वर-वर्ण ठिक-ठिक रूपमा उच्चारण गरिएको मन्त्र भन्ने बुजिन्छ। नियोजकका सुरमा वा आँफ्नै सुरमा पनि अमर्यादित भएर विनाशास्त्रीय नियम, अयोग्य व्यक्तिसित अध्ययन-अध्यापन समेतका नौ प्रकारका सम्पर्क नगर्नु भन्ने शास्त्रव्यवस्थाको (मिताक्षरा ३।२६१) लङ्घन गरि अज्ञात-कुलशील अज्ञातसंस्कार भारतवर्षबहिर्निवासि समेतका अनाचारि अमर्यादित वेद-मन्त्रको दुरुपयोग पनि गर्ने जस्तापाइ जोपाइ व्यक्तिहरुलाइ पनि जस्तापाइ रीतिले वेदमन्त्र पडाउने, कार्याऽकार्यादिका शास्त्रमर्यादाको बाध्यताले हैन, हाँसिखुसि नै लङ्घन गर्ने शास्त्रश्रद्धारहित नास्तिकजस्ता परवश वा परमुखापेक्षि व्यक्तिले पडाएको वेदमन्त्र शुद्ध मानिंदैन। वर्णाश्रमव्यवस्थाको मर्यादा, वैदिक सदाचारको मर्यादा र वेदाध्ययनाऽध्यापनविधिको पालना नहुने कथित गुरुकुलमा पडिएका वेदमन्त्र पनि शुद्ध मानिंदैनन्। अवैध भेडाबाखे चालले व्रतबन्ध गर्ने गराउने इत्यादि प्रकारका शिक्षकका मुखबाट सुनेर पडिएको वेदमन्त्र पनि शुद्ध मानिंदैन। विना आचार-विचार शिक्षकका मुखबाट सुनेर पडेको वा आँफै पुस्तक हेरेर अक्षर चिनेका भरमा मात्र पडेको वेदमन्त्र पनि शुद्ध मानिंदैन। अवैध चालले भेडाबाखे सामूहिक व्रतबन्ध भएका व्यक्ति, भक्ष्याऽभक्ष्य-पेयाऽपेय-कार्याऽकार्य इत्यादिका शास्त्र-मर्यादाको हाँसिखुसि लङ्घन गर्ने व्यक्ति, टुप्पि काट्ने, स्नान-सन्ध्योपासन नगर्ने इत्यादि व्यक्ति, समुद्रपार-म्लेच्छदेश जाने व्यक्ति इत्यादि भ्रष्टाचारि व्यक्तिले पडेको वेदमन्त्र पनि शुद्ध मानिंदैन। तेसैले भनिएको छ—

संस्कारवद्भिः कर्तव्यं वेदस्याऽध्ययनं द्विजैः।
शुद्धस्य फलवत् तत् स्यादन्यथा निष्फलं स्मृतम्॥

—वीरमित्रोदय-संस्कारप्रकाशमा लघुव्यास, पृ. ५१७।

ऋक्पादमप्यधीयीत मार्गेणोक्तेन धर्मवित्।
न त्वेव चतुरो वेदानन्यायेन कदाचन॥—वीरमि.संस्कार. व्यासवचन, पृ. ५२६।

असंयमेन येऽधीता न त्रायन्ति कदाचन।
ऋगेका संयमस्थेन अधीता पारयत्यपि॥—बृहद्योगियाज्ञवल्क्यस्मृति ११।१६।

मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्या प्रयुक्तो न तमर्थमाह।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात्॥

—पाणिनीयशिक्षा, श्लो.५२।

दुरिष्टैर् दुरधीतैश् च दुराचारैर् दुरागमैः।
विप्राणां कर्मदोषैस् तैः प्रजानां जायते भयम्॥

—कूर्मपुराण १।३०।४, ब्रह्माण्डपुराण २।३१।३६, मत्स्यपुराण १४४।३५–३६।

तेसैले शास्त्रीय अधिकारप्राप्त गुरुले शास्त्रीय अधिकारप्राप्त योग्य चेलालाइ शास्त्रोक्त विधिले नै वेदमन्त्र पडाउन पर्छ। घरायसि रूपमा गुरुमुख गरि ४० अध्याय वेद र कर्मकाण्ड पडेका स्वतन्त्र गुरुबाट यथासम्भव नियममा रहि ४० अध्याय वेद र कर्मकाण्डलाइ परमावश्यक वैदिक-मन्त्र-सङ्ग्रहमा सङ्गृहीत मन्त्रहरु पड्न कर्मकाण्डप्रशिक्षणार्थिलाइ प्रेरणा गर्नपर्छ।

१०. **मन्त्रको स्वशाखानुसार उच्चारण गर्नपर्छ—** धर्मकर्ममा प्रयोग गरिने मन्त्र योग्य गुरुबाट यथाविधि पडेर स्वशाखाऽनुसार प्रातिशाख्यशिक्षासम्मत रूपमा उच्चारण गर्नपर्छ—

गृह्यकर्मणि ये मन्त्रा ज्ञेयाः स्वाध्यायपाठतः।
किञ्च मध्यमवृत्त्या ते न द्रुता न विलम्बिताः॥—रेणुका., संस्कार. प्र., पृ.५४।

११. **कर्मकाण्डमा संस्कृतभाषाको आवश्यकता—** वैदिक कर्मकाण्डमा संस्कृतभाषाको नै प्रयोग गर्नपर्छ। अरु अपभ्रंशभाषाको प्रयोग गर्न हुँदैन। स्तुति-भजन-कीर्तनमा त अपभ्रंशभाषाको पनि प्रयोग हुनसक्छ भन्ने कुरा भागवतमा (११।२७।४५) र पद्मपुराणमा (पातालखण्ड ९५।१०७-१०८) पनि आएको छ र तलको संस्कृत लोकोक्तिले पनि सूचित गरेको छ—

मूर्खो वदति विष्णाय धीरो वदति विष्णवे।
उभयोस् तु फलं तुल्यं भावग्राही जनार्दनः॥

वैदिक मुख्य कर्मकाण्डमा भने शुद्ध संस्कृतभाषाको नै प्रयोग गर्नपर्छ। तेसमा पनि **"पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः"** भन्ने सिद्धान्तअनुसार श्राद्धमा प्रयोग गरिने संस्कृतभाषा शुद्ध र राम्ररि वाक्य मिलेको हुनपर्छ भन्ने कुरामा विशेष ध्यान दिनपर्छ। श्राद्धका दिन शुद्धभाषा (संस्कृतभाषा) मात्र बोल्नपर्छ, अशुद्ध अपभ्रंश भाषा उच्चारण गर्न हुँदैन भन्ने पनि शास्त्रवचन देखिञ्छ। कर्तव्य पदार्थ सम्जाउने प्रयोगपद्धति पनि विधायकवाक्यमा भएका शब्दहरुकै प्रयोग गरेर बनाउनपर्ने कुरा मीमांसकशिरोमणि कुमारिलभट्टले पनि सूचित गरेको पाइञ्छ (तन्त्रवार्तिक १।३।२४, आनन्दाश्रम, पृ.१९६)। प्राचीन पद्धतिकारहरुको पनि तेस्तै प्रवृत्ति देखिञ्छ। एस विषयमा राम्रो दृष्टि नपुर्‍याउनाले वा अङ्रेजले अगि प्रार्थनादिमा ल्याटिनभाषाको प्रयोग गर्थे ऐले त्यो छोडेर अङ्रेजिकै प्रयोग गर्न थाल्या छन्, हामिले पनि अब संस्कृत छोडेर आधुनिक लोकभाषाकै प्रयोग गर्नपर्छ भनि धर्ममा पनि अङ्रेजैलाइ अनुकरणीय मान्ने भावनाले वा अरु कुनै अनुचित कारणले वैदिक-कर्मकाण्डका

पद्धतिहरु पनि आधुनिक-लोकभाषामा लेख्ने-लेखाउनेतिर पनि, तेस्तै खालका, आँफ्नो क्षुद्र स्वार्थका लागि मूल वैदिक मर्यादालाइ र वैदिक-सनातन-वर्णाश्रमधर्म-परम्परालाइ षड्यन्त्रपूर्णरूपले मास्न प्रवृत्त हुने माञ्छेहरु, शासकनियन्त्रित निकायहरु र विविध कुतत्त्वका पुच्छर लेखक तथा पत्रपत्रिकाहरु पनि लागेको देखिञ्छ। त्यो कुरा सर्वथा अशास्त्रीय हो, अनुचित हो। धर्मकर्म-श्राद्धकर्म गर्दा-गराउँदा बीचबीचमा अपभ्रंशभाषा बोल्नै हुँदैन, संस्कृतै भाषा बोल्नपर्छ। धर्मकर्म गर्नेले पनि धर्मकर्म गर्नु-भन्दा अगि नै धर्मकर्मपद्धति पडेर धर्मकर्म गराउनेले संस्कृतमा भनेको कुरा बुजेर कर्म गर्न सक्ने सम्म त हुनै पर्छ। एस विषयमा तल लेखिएका वचनहरु पनि मननीय छन्—

तथा सत्कर्मकालेषु भाषा या लौकिकी च सा।
वर्जनीया प्रयत्नेन तच्चित्तज्ञानशुद्धये॥
दिव्यभाषा सदा ग्राह्या वैदिकेन महात्मना।
विशेषात् कर्मकालेषु *ततोऽपि श्राद्धकर्मसु*॥

—कण्वस्मृति, श्लोक ४७२-४७४, स्मृतिसन्दर्भ, पृ. २९०३।

१२. **धर्म नछोडि न्यायले आर्जन गरेका धनले धर्मकृत्य गर्नपर्छ—** धर्म नछोडि न्यायले आर्जन गरिएका शुद्ध द्रव्यले, विधिअनुसार, शुद्ध मन्त्रले, शास्त्रोक्त देशमा, तेस्तै कालमा, शुद्ध कर्ताले शुद्ध मनले कर्म गरेमा मात्र पूर्ण फल हुञ्छ भन्ने वचनहरु—

द्रव्यशुद्धिः क्रियाशुद्धिर् मन्त्रशुद्धिश्च भूमिप।
भवेद् यदि तदा पूर्णं फलं भवति नाऽन्यथा॥—देवीभागवत ३।१२।७।

देश-काल-क्रिया-द्रव्य-कर्तॄणां शुद्धता यदि।
मन्त्राणां च तदा पूर्णं कर्मणां फलमश्नुते॥—देवीभागवत ४।४।४४–४५।

चित्तं च वित्तं च नृणां विशुद्धं शस्तश्च कालः कथितो विधिश्च।
पात्रं यथोक्तं परमा च भक्तिर् नृणां प्रयच्छन्त्यभिवाञ्छितानि॥

—वराहपुराण १३।४८; विष्णुपुराण ३।१४।२०,
स्कन्दपुराण आवन्त्यखण्ड १।१६।२२।

१३. **पाखण्डि-नास्तिकहरुको सन्निधिपरिहार गरेर धर्मकृत्य गर्नपर्छ—** पाखण्डि-नास्तिकहरुबाट अलग रहेर धर्मकर्म गर्नपर्छ—

पाखण्डिनश्च पतिता ये च वै नास्तिका द्विजाः।
पुण्यकर्मणि तेषां वै सन्निधिर् नेष्यते क्वचित्॥

—स्कन्दपुराणवचन संस्कारदीपक, प्रथम भाग, पृ.२२८

तस्मात् पाखण्डिभिः पापैरालापं स्पर्शनं त्यजेत्।
विशेषतः क्रियाकाले यज्ञादौ चाऽपि दीक्षितः॥—विष्णुपुराण ३।१८।९७।

विशेष धर्मकृत्य-व्रतादिका दिनमा गामबाइर बस्न पर्ने चण्डालादिसित, सुत्केरि स्त्रीसित, पतितसित, रजस्वलास्त्रीसित बोल्न र तिनलाइ हेर्न छुन पनि हुँदैन—

बहिर्ग्रामान्त्यजान् सूतिं पतितं च रजस्वलाम्।
न स्पृशेन् नाऽभिभाषेत नेक्षेत व्रतवासरे॥

—वर्षकृत्यदीपकमा कूर्मपुराणवचन, पृ.२६।

१४. धर्मकृत्य गरेको श्रद्धाभक्तिपूर्वक हेर्दा मात्र पनि पुण्य हुन्छ—

यः पुण्यकर्मणां कुर्याद् दर्शनस्पर्शभाषणम्।
तत्षडंशमवाप्नोति पुण्यस्य नियतं नरः॥—पद्मपुराण-उत्तरखण्ड ११३।२७।

धर्मः कृतो वा दृष्टो वा कथितो वा श्रुतोऽपि वा।
भक्त्याऽनुमोदितो वाऽपि पुनातीह नरं सदा॥

—स्मृतिपुराणानुकूल सुभाषित, द्र.– स्कन्दपुराण ५।३।२९।३–।

१५. आवश्यकताअनुसार उपवास गरेर धर्मकृत्य गर्नपर्छ— धर्मकर्म गर्नेले शास्त्रविधि-अनुसार आवश्यक उपवास गरेर कर्म गर्नपर्छ—

स्नानं सन्ध्यातर्पणादि जपहोमाऽमराऽर्चनम्।
उपवासवता कार्यं सायंसन्ध्याहुतीर् विना॥

—वराहपुराणवचन, आचारमयूख, पृ.४।

उपवासमा सर्वथा असमर्थ भएमा त उखु, पानि, फल, मूल, पान, दुद, ओखति खाएर पनि स्नानदानादि धर्मकर्म गर्न हुन्छ—

इक्षूनपः फलं मूलं ताम्बूलम् पय औषधम्।
भक्षयित्वाऽपि कर्तव्याः स्नानदानादिकाः क्रियाः॥

—चतुर्विंशतिमतवचन, आचारमयूख, पृ. ४।

१६. कर्ताले आँफ्नो शक्तिअनुसारै कर्म गर्नपर्छ— धर्मकर्म गर्ने व्यक्तिले नित्यकर्ममा आँफ्नो वास्तविक शक्तिअनुसार श्रद्धापूर्वक कर्म गर्नपर्छ—

यथाकथञ्चिन् नित्यानि शक्त्यवस्थानुरूपतः।
येन केनाऽपि कार्याणि नैव नित्यानि लोपयेत्॥

—पाराशरमाधवीयमा आएको बौधायनवचन, संस्कारदीपक, प्रथम भाग, पृ. १।

१७. धर्मकर्म शुद्ध भएर गर्नपर्छ— सबै धर्मकृत्य सबै प्रकारले शुद्ध भएरै गर्नपर्छ—

सदा कुर्याद् धर्मकार्यमापद्यपि शुचिर् नरः।

—टोडरानन्दमा आएको सप्तर्षिवचन, संस्कारदीपक, प्रथम भाग, पृ. १।

श्रुतिस्मृत्युदितं कर्म न कुर्यादशुचिः क्वचित्।

—प्रयोगपारिजातमा आएको भृगुवचन, संस्कारदीपक, प्रथम भाग, पृ. १।

१८. **धर्मकर्म स्नान गरेर गर्नपर्छ—** धर्मकर्म आफ्नो शरीर-अनुसार यथाशक्ति शास्त्रोक्त नाना प्रकारका स्नानमध्ये कुनै एक प्रकारको स्नान गरेर गर्नपर्छ। ति नाना प्रकारका स्नानको परिचय हाम्रो **ब्रह्मयज्ञपद्धति**का भूमिकामा दिइएको छ। स्नानका विषयमा अरु कुरा हाम्रा **सन्ध्योपासनपद्धति**का भूमिकामा दिइएका छन्।—

द्वितीयमासस्याऽऽदौ तु प्रतिपद् या प्रकीर्तिता।
वराहेणोद्धृता तस्यां तथा चाऽऽदौ धरा प्रिये।
तेन वाराहकल्पेति नाम जातं धरातले ॥१२॥

तस्मिन् कल्पे महादेवि गते सन्ध्यांशके प्रिये।
प्रथमस्य मनोश् चाऽऽदौ देवि स्वायम्भुवस्य हि ॥१३॥

क्षीरोदे मथ्यमाने तु दैवतैर् दानवैरपि।
रत्नानि जज्ञिरे तत्र चतुर्दशमितानि वै ॥१४॥

तेषां मध्ये महातेजाश् चन्द्रमास् तत्त्वसम्भवः।
सोऽयं मया धृतो देवि अद्याऽपि शिरसि प्रिये ॥१५॥

विषे पीते महादेवि प्रभासस्थस्य मे सदा।
भूषणं मुक्तये देवैर् मम चन्द्रः कृतः पुरा ॥१६॥

शशिना भूषितो यस्मात् तेनाऽहं शशिभूषणः।
तत्र स्थाने स्थितोऽद्याऽपि स्वयम्भूलिङ्गमूर्तिमान् ॥१७॥

सर्वसिद्धिप्रदाता च कल्पस्थायी सदा प्रिये।
इत्येतत् कथितं देवि किमन्यत् परिपृच्छसि ॥१८॥

॥ इति श्रीस्कान्दे महापुराण एकाशीतिसाहस्र्यां संहितायां सप्तमे प्रभासखण्डे प्रथमे प्रभासक्षेत्र-माहात्म्ये शिवशिरोभूषणचन्द्रोत्पत्तिवृत्तान्तवर्णनं नामाऽष्टादशोऽध्यायः॥

परिशिष्टम् ३

अथ मत्स्यपुराणस्थं सोमोत्पत्त्याख्यानम्* (२)

ऋषय ऊचुः

सोमः पितॄणामधिपः कथं शास्त्रविशारद।
तद्वंश्या ये च राजानो बभूवुः कीर्तिवर्धनाः ॥१॥

---

* एस सोमोत्पत्त्याख्यानमा अत्रिका नेत्रबाट चन्द्रमाको उत्पत्ति भएको र चन्द्रमाका दक्षकन्या-विवाह, तपस्या, राजसूय यज्ञ, तेसको प्रभाव, ताराहरण, युद्ध, ताराप्रत्यावर्तनहरु वर्णित छन्।

सूत उवाच

आदिष्टो ब्रह्मणा पूर्वमत्रिः सर्गविधौ पुरा।
अनुत्तमं नाम तपः सृष्ट्यर्थं तप्तवान् प्रभुः ॥२॥
यदानन्दकरं ब्रह्म जगत्क्लेशविनाशनम्।
ब्रह्मविष्ण्वर्करुद्राणामभ्यन्तरमतीन्द्रियम् ॥३॥
शान्तिकृच् छान्तमनसस् तदन्तर्नयने स्थितम्।
माहात्म्यात् तपसा विप्राः परमाऽऽनन्दकारकम् ॥४॥
यस्मादुमापतिः सार्धमुमया तमधिष्ठितः।
तं दृष्ट्वा चाऽष्टमांशेन तस्मात् सोमोऽभवच् छिशुः ॥५॥
अधः सुस्राव नेत्राभ्यां धाम तच् चाऽम्बुसम्भवम्।
दीपयद् विश्वमखिलं ज्योत्स्नया सचराचरम् ॥६॥
तद् दिशो जगृहुर् धाम स्त्रीरूपेण सुतेच्छया।
गर्भो भूत्वोदरे तासामास्थितोऽब्दशतत्रयम् ॥७॥
आशास् तं मुमुचुर् गर्भमशक्ता धारणे ततः।
समादायाऽथ तं गर्भमेकीकृत्य चतुर्मुखः ॥८॥
युवानमकरोद् ब्रह्मा सर्वाऽऽयुधधरं नरम्।
स्यन्दनेऽथ सहस्राऽश्वे वेदशक्तिमये प्रभुः ॥९॥
आरोप्य साकमनयदात्मीयं स पितामहः।
तव ब्रह्मर्षिभिः प्रोक्तमस्मत्स्वामी भवत्वयम् ॥१०॥
पितृभिर् देवगन्धर्वैरोषधीभिस् तथैव च।
तुष्टुवुः सोमदेवत्यैर् ब्रह्माणं मन्त्रसङ्ग्रहैः ॥११॥
स्तूयमानस्य तस्याऽभूदधिको धामसम्भवः।
तेजोवितानादभवद् भुवि दिव्यौषधीगणः ॥१२॥
तद्दीप्तिरधिका तस्माद् रात्रौ भवति सर्वदा।
तेनौषधीशः सोमोऽभूद् द्विजेशश्चाऽपि गद्यते ॥१३॥
वेदधामरसं चाऽपि यदिदं चन्द्रमण्डलम्।
क्षीयते वर्धते चैव शुक्ले कृष्णे च सर्वदा ॥१४॥
विंशतिं च तथा सप्त दक्षः प्राचेतसो ददौ।
रूपलावण्यसंयुक्तास् तस्मै कन्याः सुवर्चसः ॥१५॥
ततः पाद्मसहस्राणां सहस्राणि दशैव तु।
तपश् चचार शीतांशुर् विष्णुध्यानैकतत्परः ॥१६॥

ततस् तुष्टस् तु भगवाँस् तस्मै नारायणो हरिः।
वरं वृणीष्व प्रोवाच परमात्मा जनार्दनः ॥१७॥
ततो वव्रे वरान् सोमः शक्रलोकं जयाम्यहम्।
प्रत्यक्षमेव भोक्तारो भवन्तु मम मन्दिरे ॥१८॥
राजसूये सुरगणा ब्रह्माद्याः सन्तु मे द्विजाः।
रक्षःपालः शिवोऽस्माकमास्तां शूलधरो हरः ॥१९॥
तथेत्युक्तः स आजह्रे राजसूयं तु विष्णुना।
होताऽत्रिर्भृगुरध्वर्युरुद्गाताऽभूच् चतुर्मुखः ॥२०॥
ब्रह्मत्वमगमत् तस्य उपद्रष्टा हरिः स्वयम्।
सदस्याः सनकाद्यास् तु राजसूयविधौ स्मृताः ॥२१॥
चमसाऽध्वर्यवस् तत्र विश्वेदेवा दशैव तु।
त्रैलोक्यं दक्षिणा तेन ऋत्विग्भ्यः प्रतिपादितम् ॥२२॥
ततः समाप्तेऽवभृथे तद्रूपालोकनेच्छवः।
कामबाणाऽभितप्ताऽङ्ग्यो नव देव्यः सिषेविरे ॥२३॥
लक्ष्मीर् नारायणं त्यक्त्वा सिनीवाली च कर्दमम्।
दितिर् विभावसुं तद्वत् तुष्टिर् धातारमव्ययम् ॥२४॥
प्रभा प्रभाकरं त्यक्त्वा हविष्मन्तं कुहूः स्वयम्।
कीर्तिर् जयन्तं भर्तारं वसुर् मारीचकश्यपम् ॥२५॥
धृतिस् त्यक्त्वा पतिं नन्दिं सोममेवाऽभजँस् तदा ॥
स्वकीया इव सोमोऽपि कामयामास तास् तदा ॥२६॥
एवं कृताऽपचारस्य तासां भर्तृगणस् तदा।
न शशाकाऽपचाराय शापैः शस्त्रादिभिः पुनः ॥२७॥
तथाऽप्यराजत विधुर् दशधा भावयन् दिशः।
सोमः प्राप्याऽथ दुष्प्राप्यमैश्वर्यमृषिसंस्कृतम्।
सप्तलोकैकनाथत्वमवाप तपसा तदा ॥२८॥
कदाचिदुद्यानगतामपश्यदनेकपुष्पाभरणैश् च शोभिताम्।
बृहन्नितम्बस्तनभारखेदात् पुष्पस्य भङ्गेऽप्यतिदुर्बलाङ्गीम् ॥२९॥
भार्यां च तां देवगुरोरनङ्गबाणाऽभिरामायतचारुनेत्राम्।
तारां स ताराऽधिपतिः स्मरार्तः केशेषु जग्राह विविक्तभूमौ ॥३०॥

साऽपि स्मरार्ता सह तेन रेमे तद्रूपकान्त्या हृतमानसेन।
चिरं विहृत्याऽथ जगाम तारां विधुर् गृहीत्वा स्वगृहं ततोऽपि ॥३१॥

न तृप्तिरासीच् च गृहेऽपि तस्य ताराऽनुरक्तस्य सुखाऽऽगमेषु।
बृहस्पतिस् तद्विरहाऽग्निदग्धस् तद्ध्याननिष्ठैकमना बभूव ॥३२॥

शशाक शापं न च दातुमस्मै न मन्त्रशस्त्राऽग्निविषैरशेषैः।
तस्याऽपकर्तुं विविधैरुपायैर् नैवाऽभिचारैरपि वागधीशः ॥३३॥

स याचयामास ततस् तु दैन्यात् सोमं स्वभार्यार्थमनङ्गतप्तः।
स याच्यमानोऽपि ददौ न तारां बृहस्पतेस् तत्सुखपाशबद्धः ॥३४॥

महेश्वरेणाऽथ चतुर्मुखेण साध्यैर् मरुद्भिः सह लोकपालैः।
ददौ यदा तां न कथञ्चिदिन्दुस् तदा शिवः क्रोधपरो बभूव ॥३५॥

यो वामदेवः प्रथितः पृथिव्यामनेकरुद्राऽर्चितपादपद्मः।
ततः सशिष्यो गिरिशः पिनाकी बृहस्पतिस्नेहवशाऽनुबद्धः ॥३६॥

धनुर् गृहीत्वाऽजगवं पुरारिर् जगाम भूतेश्वरसिद्धजुष्टः।
युद्धाय सोमेन विशेषदीप्ततृतीयनेत्राऽनलभीमवक्त्रः ॥३७॥

सहैव जग्मुश् च गणेशकाद्या विंशच् चतुःषष्टिगणाऽस्त्रयुक्ताः।
यक्षेश्वरः कोटिशतैरनेकैर् युतोऽन्वगात् स्यन्दनसंस्थितानाम् ॥३८॥

वेतालयक्षोरगकिन्नराणां पद्मेन चैकेन तथाऽर्बुदेन।
लक्षैस् त्रिभिर् द्वादशभी रथानां सोमोऽप्ययात् तत्र विवृद्धमन्युः ॥३९॥

नक्षत्रदैत्याऽसुरसैन्ययुक्तः शनैश्चराऽङ्गारकवृद्धतेजाः।
जग्मुर् भयं सप्त तथैव लोकाश् चचाल भूर् द्वीपसमुद्रगर्भा ॥४०॥

स सोममेवाऽभ्यगमत् पिनाकी गृहीतदीप्ताऽस्त्रविशालवह्निः।
अथाऽभवद् भीषणभीमसेनसैन्यद्वयस्याऽपि महाऽऽहवोऽसौ ॥४१॥

अशेषसत्त्वक्षयकृत् प्रवृद्धस् तीक्ष्णाऽऽयुधाऽस्त्रज्वलनैकरूपः।
शस्त्रैरथाऽन्योऽन्यमशेषसैन्यं द्वयोर् जगाम क्षयमुग्रतीक्ष्णैः ॥४२॥

पतन्ति शस्त्राणि यथोज्ज्वलानि स्वर् भूमिपातालमथो दहन्ति।
रुद्रः कोपाद् ब्रह्मशीर्षं मुमोच सोमोऽपि सोमाऽस्त्रममोघवीर्यम् ॥४३॥

तयोर् निपातेन समुद्रभूम्योरथाऽन्तरिक्षस्य च भीतिरासीत्।
तदस्त्रयुग्मं जगतां क्षयाय प्रवृद्धमालोक्य पितामहोऽपि ॥४४॥

अन्तः प्रविश्याऽथ कथंकथञ्चिन् निवारयामास सुरैः सहैव।
अकारणं किं क्षयकृज् जनानां सोम त्वयाऽपीत्थमकारि कार्यम्॥४५॥

यस्मात् परस्त्रीहरणाय सोम त्वया कृतं युद्धमतीव भीमम्।
पापग्रहस् त्वं भविता जनेषु शान्तोऽप्यलं नूनमथो सिताऽन्ते।
भार्यामिमामर्पय वाक्पतेस् त्वं न चाऽवमानोऽस्ति परस्वहारे॥४६॥

सूत उवाच

तथेति चोवाच हिमांशुमाली युद्धादपाक्रामदतः प्रशान्तः।
बृहस्पतिः स्वामपगृह्य तारां हृष्टो जगाम स्वगृहं सरुद्रः॥४७॥

॥ इति श्रीमात्स्ये महापुराणे सोमवंशाख्याने सोमाऽपचारो नाम त्रयोविंशोऽध्यायः॥

परिशिष्टम् ४

अथ वैदिक-सोमसूक्तमन्त्राः♠

ओ३म्, आप्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम्।
भवा वाजस्य सङ्गथे॥ (१२।११२)।

सन् ते पयाᳬसि समु यन्तु वाजाः सं वृष्ण्यान्यभिमातिषाहः।
आप्यायमानो ऽ अमृताय सोम दिविश्रवाᳬस्युत्तमानि धिष्व॥ (१२।११३)।

आप्यायस्व मदिन्तम सोम विश्वेभिरᳬशुभिः।
भवा नः सप्रथस्तमः सखा वृधे॥ (१२।११४)

अषाढय् युत्सु पृतनासु पप्रिᳬस्वर्षामप्सां वृजनस्य गोपाम्।
भरेषुजाᳬसुक्षितिᳬसुश्रवसञ् जयन्तन् त्वामनुमदेव सोम॥ (३४।२०)

सोमो धेनुᳬसोमो ऽ अर्व्वन्तमाशुᳬसोमो वीरङ् कर्म्मण्यन् ददाति।
सादन्यं विदथ्यᳬ सभेयम् पितृश्रवणय् यो ददाशदस्मै॥ (३४।२१)

त्वमिमा ऽ ओषधीः सोम विश्वास्त्वमपो ऽ अजनयस्त्वङ्गाः।
त्वमाततन्थोर्व्वन्तरिक्षन्त्वञ् ज्योतिषा वि तमो ववर्थ॥ (३४।२२)

देवेन नो मनसा देव सोम रायो भागᳬ सहसावन्नभियुद्ध्य।
मा त्वा तनदीशिषे वीर्य्यस्योभयेभ्यः प्रचिकित्सा गविष्टौ॥ ओ३म्।(३४।२३)॥

♠ कसैले "तदेवाग्ग्निस्तदादित्यः" इत्यादि १६ मन्त्रलाइ (३२।१–१६) सोमसूक्त भनेर तिनैको पाठ गर्ने गरेको बुझिन्छ।

परिशिष्टम् ५

प्रस्तुत चतुरशीतिपूजाविधिका प्ररिष्कर्ता पण्डित कविराज-नरनाथ-आचार्यले रचना गर्नुभएको सुभाषित-सङ्ग्रहबाट उद्धृत

कतिपय महत्त्वपूर्ण पद्य

विद्या

आमाले सरि पालि बाबु सरि भै हित्मा सदा लाउँछे
स्वास्नीले सरि खेद् हटाइ मनमा आनन्द वर्षाउँछे।
नोकर् झैँ धन केइ्-न-केइ घरमा रोज्रोज भित्र्याउँछे
विद्याले गुरुझैँ दिएर उपदेश् आपत्ति पञ्छाउँछे॥

विद्या ठुलो असल सम्पति हो अमूल्य
विद्वान्कनै नृपहरू पनि मित्रतुल्य।
गर्छन्, बहूत सुख दिञ्छ शिकाइदिञ्छ
विद्या भएन त पुरुष् पशुमा गनिञ्छ॥

धर्म

छोडी कर्म ति लोकनिन्दित कपट् त्यागेर सोझो भई
गर्नूपर्दछ धर्म-कर्म जनले शुद्धाऽऽचरण्मा रही।
छोडी पक्ष समानभाव सबमा राखेर काम्काज् गरे
लोक्मा चल्दछ कीर्ति एइ् गरि बडा जीवन् बिताई तरे॥

सत्य

हिंसामा द्विज-गाइ-निम्ति सँगिमा हाँसो हुँदा ख्यालमा
प्राणै-सङ्कटको कुरा र युवती-स्त्री-हेरुका चालमा।
कन्यार्थी वरको बिहा गरिदिँदा वृत्ती कुनैको भया
ढाँटेको पनि पाप छैन यतिमा श्रीशुक्रले यो कह्या॥

न्याय

निन्दा गरून् इ दुनियाँ अथवा सराउन्
आओस धन् बहुत या त हओस नौसान्।
पाओस बाँच्न अथवा उ मरोस ऐलेइ्
जे होस् बडो जन बिरीत् गरदैन कैलेइ्॥

वीरता

बूढो होस गलोस धेर दिन त्यो भोकै रहोस् ता पनी
हात्ती सम्म लडाइ पी रगत पो हिँण्न्या म वीर् हुम् भनी।
एस्तो ली अभिमान सिंह टिपि भार् खाँदैन जस्तै गरी
ठूलो जन् पनि दुःखमा पनि त नीच् गर्दैन काम् तेइ्सरी॥

पराक्रम

बूटा भार्हरु आँफुदेखि निहुन्या तिन्लाइ छाड्दिन्छ यो
ठूलो भै ननिहुर्नि वृक्षकन पो ढाली उखेल्दिन्छ यो।
एस्तो गर्दछ वायु सोहि रितले तेजी बडो जन् पनी
ठूलैमा अभियोग गर्दछ ठुलो आँफ्नू पराक्रम् पनी॥

उद्योग

आलस्य यो शरिरको छ अघोर शत्रू
सारा बिगारि यसले गरिदिन्छ पत्रू।
उद्योग-जाँगर पितासरिको छ मित्र
एस्ले त दिन्छ धनधान्य बहूत् पवित्र॥

परिश्रम

जूआ, मद्, सहवास रण्डिसँगको एस्ता कुलत् दूर् गरी
गर्नू काम् दिनमा धनार्जन हुन्या तृष्णा मनैमा धरी।
घर्मा जन् जति छन् सबैकन इलम् मानीस-अन्सार् दिनू
काल् यो फाल्न विकाममा त जनले हूँदैन, शिक्षा लिनू॥

कैलेइ् मर्दिन फेरि हुन्न म बुडो एस्तो लिई चित्तले
धन् जम्मा गरने र शास्त्र पढने काम् गर्नु खुब् विज्ञले।
जो छन् धर्म असल् ति गर्नकन ता मर्छू कि भोली भनी
सम्भी देह अनित्य गर्नु भट यो बात् शास्त्र भन्छन् पनी॥

महापुरुषको लक्षण र चरित्र

धन्को आशय मात्र राखिकन काम् गर्छन् त ती हुन् निचा
धन्-इज्जत् दुइको त आशय लिन्या मध्यम् भनिन्छन् ति ता।
आशा धेर् धनको नराखि अभिमान् इज्जत् सुकीर्ती खडा
राख्न्या मन् दिइ काम गर्छन भन्या उत्तम् तिनै हुन् बडा॥

जस्तो मालति फूल फुल्छ वनमा की ता सडी जान्छ त्यो
की ता मानिसका उ पुग्छ शिरमा एइ् दूइ काम् गर्छ त्यो।
तेस्तै धीर सुबुद्धि जन् पनि सबै जन्का उपर्मा रही
गर्छन् काम कि ता ति फ्याँकिन गया वन्मा तपस्वी भई॥

गयाजी

वैशाख्, आश्विन, पौष, माघ अनि फा-गुन् चैत् कुनै मासमा
तार्छू पितृ भनेर भक्तिसँग गै जस्ले गयाजीमहाँ।
दिन्छन् पिण्ड भन्या त्रिलोकभरिको सारै ठुलो काम् भयो
बश्छन् पितृ त स्वर्गमा जति थियो आफ्नू पनी पाप् गयो॥

नित्य स्मरणीय वस्तु

उठ्नू चार् घडि रात बाँकि बुझि ध्यान् गर्नू सदा रामको
धन्, जन्, देह अनित्य जानि हरिको नामै बुझी कामको।
राखी निर्मल कीर्ति जो जन गया, तीर्थादि जो पुण्य छन्
तिन्को नाम चरित्र सम्झनु र राग् मन्का सबै हर्दछन्॥

ब्राह्मण

अग्नीमा चरु-होम हो अति ठुलो, त्यो कार्यभन्दा पनी
ब्राह्मण्-भोजन हो ठुलो र त्यसमा सारै खुशी छू भनी।
गायत्री जपि मात्र खान्छ त भने मूर्खै भए तापनी
मेरै मूर्ति समान ब्राह्मण उ हो— श्रीकृष्ण भन्छन् पनी॥

साधारण लोकका लागि संसार-सागर तर्ने उपाय

ब्राह्मण्को जुनि पाइ एइ् जनमको, सोख् निम्तिमा हैन यो
भोगी कष्ट तपस् गरेर प्रभुमा नै मिल्नका निम्ति हो।
ब्राह्मण्को शुभ कर्म हैन नृपको सेवा गरी घर्भरी
धन् जोर्नू, अनि नीच कर्म गरनू फुर्ती गरी बेसरी॥

आत्मज्ञान, तपस् र योगहरुको अभ्यास दुष्कर् छ यो
शुद्धाचारि छ, जप्छ नाम हरिको तर्ला सजीलो छ यो।
मानिस्को जुनि पाउनू कठिन हो चौरासि लाखमा घुमी
एस्मा यो भवचक्र मुक्त नभए कैले हुने हो अनी?॥

प्रस्तुत पद्धतिका परिष्कर्ता पण्डित कविराज नरनाथशर्मा आचार्यको जन्मभूमि, कुल, व्यक्तित्व, कृतित्व इत्यादिको परिचय

तनुङ-जनपदमा (तनहुँ जिल्लामा) चुँदि

भूमण्डलको जम्बूद्वीपमा भारतवर्षक्षेत्रको कुमारीखण्डमा हिमालयका मध्य-भागका दक्षिणि पाखामा नेपालदेश छ। नेपालको वर्तमान प्रशासनकेन्द्र काठमाण्डु-देखि तिस कोस जति (चउन्न किलोमिटर जति) पश्चिममा तनुङ-जनपद (तनहुँ जिल्ला) छ। एस जनपदमा १८३९ वैक्रमाब्दभन्दा अगि पाल्पालि सेनहरुको प्रशासन थियो। तेस वेलाका तनुङमा ऐलेको तनुङ-जिल्ला चिताउन-जिल्ला र भारतको विहारप्रान्तको चम्पारन-जिल्लाको रामनगर-क्षेत्र पनि सम्मिलित थियो। तेस वेला-देखि नै एस क्षेत्रमा बाउन-ठकुरि-छेत्रि-न्याआर-गुरुम-मगर-घर्ति-बोटे-दरै-कुमाल-सार्कि-कामि-दमै-गाइनेहरु मिलि-जुलि बसोबास गर्दैआएका छन्।

पर्वतका अधित्यकामा (शिखरमा) बस्ने गुरुम, मगर, राइ, लिम्बु इत्यादिले कोदो, मस्याङ, फापर, सामा, काउनो, उव्वा, आलु, मकै, जुनेलो, भेडा, च्याङ्ग्रा, खच्चर, गधा, चम्रि इत्यादिबाट मात्र जीवनयात्रा चलाउँदै आएकामा शक-कुषाण-हूण-मुसल्बानहरुका आक्रमणले र उपद्रवले गर्दा देवतात्मा हिमालयका प्रत्यन्तपर्वत-हरुका पुण्यभूमिमा आश्रय लिन आर्यावर्तका समतल भूमिबाट समयसमयमा आएका ब्राह्मणादिले ति पर्वतका उपत्यकाहरुमा बनबुटा फाँड्ने, बाँद बाँद्ने, कुलो काट्ने, खेत बनाउने र शालिधानको समेत खेति गर्ने प्रविधि पनि बिस्तार-बिस्तार भित्र्याएर गोपालन-महिषपालनादिको पनि चलन चलाएर उन्नत कृषि-पशुपालनादिबाट र विद्याधर्मका प्रचारबाट पनि नेपालको पर्वतक्षेत्रलाइ रमणीय र सुखजीवनीय पनि बनाएका थिए। तेसरि हिमालयका काखका पुण्यभूमिमा आश्रय लिन आउने पूर्वज-हरुका विषयमा एस पूजाविधिका परिष्कर्ताका दाजु प्राणाचार्य पण्डित उमानाथ आचार्यका तल लेखिएका पद्य पनि मननीय छन्—

धेरै आर्य-र-म्लेच्छजातिहरुको सङ्घर्ष ठूलो अगी
पर्दा भारतमा तमाम गइगो सर्वस्व हाम्रो बगी।
झट्पट् जङ्गलमा पसीकन कुनै विद्वान् बनी सुस्थिर
विद्या-धर्म-प्रचार गर्न कसिए मन्मा नली केइ् पिर॥

आई प्राण बचाइ घोर वनमा धाई सयन् योजन
लाई वल्कल पत्र-पुष्प-फल-मूलादी गरी भोजन।
पुर्खाले कति कष्ट खाइकन जो थामे तपस्या गरी
फाल्नू सन्ततिले उ धर्म कसरी *आचार सब् त्यागूगरी*॥

पश्चिमको जुम्लाराज्य दुर्बल भएपछि र मुसल्बानि आक्रमणले १३८१ संवत्मा सिम्रौनगढराज्यको विघटन भएपछि खडा भएको, नेपालको एकीकरणमा सांस्कृतिक

भूमिका तयार पार्ने, पाल्पादेखि चौदण्डिसम्म फैलिएको, ठुलो पाल्पाराज्यको विभाजन भएर स्थापित भएका तनुङराज्यका सेनप्रशासकहरुमा भृङ्गिसेन [विहङ्गसेन] (१६१०-१६२८ वै.), हम्बिरसेन [अहंवीरसेन], तुलासेन (त्रिविक्रमसेन), दामोदरसेन (१७१०-१७३० वै.), दिग्विजयसेन, कामराजदत्तसेन, त्रिविक्रमसेन (१७९८-१८२६ वै.), कामारिदत्तसेन, हरकुमारदत्तसेन इत्यादिका नाम इतिहासमा सुनिन्छन्। गोर्खालिहरुको विजयपछि हरकुमारदत्तसेन १८३९ वैक्रमाब्ददेखि पाहाडि खण्ड छोडि रामनगरको भूमिपतिक्षेत्रमा बस्न थालेका रछन्। हरकुमारदत्तसेनपछि तेजःप्रतापसेन-अमरप्रतापसेन-रणमर्दनसेन-प्रह्लादसेन-मोहनविक्रमसाहिहरुका नाम पाँइन्छन्। हरकुमारदत्तसेनका **"स्वस्ति-श्रीश्वरचरणसरोरुहस्मरणेत्यादि-श्रीमद्रामचन्द्रवंशोद्भव-सदासमाराधित-साम्ब-शिव-लक्ष्मीनारायण-श्रीमन्महाराजाधिराज-श्री-श्री-श्री-श्री-श्रीमद्-धरकुमार-दत्तसेनदेवानां सदा समरविजयिनाम्"** भन्ने प्रशस्तिबाट समेत अगिदेखि नै तनुङमा धार्मिक परम्परा राम्रो भएको देखिन्छ। त्रिविक्रमसेनले **ब्रह्मविद्याभरणजपविधि** र **श्रीपूजातिलक** भन्ने संस्कृतग्रन्थ बनाएको, त्रिविक्रमका आज्ञाले गङ्गाविष्णुले **आचार-दीपक** भन्ने धर्मशास्त्रनिबन्धग्रन्थ बनाएको, शारदातिलकको पुस्तक सारेको, त्रिविक्रमकै आज्ञाले कुलनिधिशर्माले **नित्यकर्मप्रकाशिका** भन्ने आह्निकाऽऽचार-विषयक ग्रन्थ बनाएको पनि देखिन्छ। एसबाट पनि उक्त कुरा पुष्ट हुन्छ। पृथ्वीनारायणलाइ **मिता-क्षराको व्यवहाराध्याय** सुनाउन खोद्दा गोर्खामा मिताक्षराको पुस्तक नपाइएकाले तनुङबाट सो पुस्तक प्राप्त गरिएको भन्ने इतिहासोल्लिखित कुराले, आचारदीपकमा गङ्गाविष्णुले **"विद्यावन्तो यत्र गर्जन्ति सार्थाः"** भनेकाले र १८९० वैक्रमाब्दमा प्रयागमा बसेर **"वासुदेवरसानन्द"** भन्ने ग्रन्थ लेख्ता पनि शिवशर्मसूरिले तनुङलाइ **"सदद्वैता-ऽभिमत-विद्वन्मण्डली-मण्डनायमान"** भन्ने विशेषण दिएकाले तथा सत्यधरसूनु रामोपाध्यायले **अन्त्यकर्म-पद्धति** र मकरन्दपण्डितले **ज्ञानदर्पण** भन्ने संस्कृतग्रन्थ बनाएको देखिएकाले समेत तनुङमा सेनप्रशासनको प्रारम्भकालदेखि नै वेद-वेदाङ्ग-स्मृति-पुराणादिशास्त्रको प्रचार पनि केइ भएको देखिन्छ। तनुङ जिल्लाको पूर्वि भागमा रहेको चुँदिक्षेत्र सेनहरुको प्रशासनकेन्द्र सुरपुरीका (तनुङसुरका) समीपमा रहेको र विद्वान् ब्राह्मणहरुको निवास तथा सुभिक्ष स्थल भएकाले विद्याकेन्द्रका रूपमा एसको विशेषता रैआएको पनि देखिन्छ। **"पाल्पाको छविलाल् पढ्‌न भनि चुँदी आई बस्याको थियाँ, यो रुद्द्री हरिकृष्णलाइ अहिले माफीक लेखी दियाँ"** इत्यादि भनाइले पनि तनुङचुँदि विद्याकेन्द्रको रूपमा रैआएको कुरा झल्काएको छ। उच्चतर अध्ययनका लागि कास्कि वा काशि जानि चलन पनि चुँदिमा रैआएको देखिन्छ। श्रीकृष्णाचार्यका पञ्चम पुत्र गङ्गादत्तका छोरा वेदशर्माले कास्कि-अर्गुम्‌का गुरुकुलमा बसि पढ्दा १९१२ संवत्‌मा सारेको सिद्धान्तकौमुदीको विभक्त्यर्थप्रकरणको लघु-शब्देन्दुशेखरटीकाका केइ पत्र ऐले भानुपुस्तकालय(चुँदिबिसि)मा सङ्गृहीत देखिन्छन्। त्याँहाँ **"इति विभक्त्यर्थाः। भूभृत्सप्तघने शाके होलिकापूर्णिमातिथौ। लघु-शेखरनामेदं गङ्गादत्तसुतोऽलिखत्। श्रीशाके १७७७ मासे ११ भृगुवासरे कास्कि-अर्घग्रामे स्वगुरुकुले वसता वेदशर्मणा लिखितोऽयं ग्रन्थः"** भन्ने उल्लेख पाँइन्छ।

पण्डित-कविराज-नरनाथशर्मा-आचार्यकृत तल्लो-चुँदि-वर्णन

तल्लो चूँदि छ ब्रह्मको पुरि असल् आचार् छ ठिक् विप्रमा,
खान्या-अन्न-विषे छ धान् अति ठुलो उब्जञ्छ त्यो खेतमा।
पाही पानि र दाउरा अतिनजिक् मध्यम्-शिखर्को छ यो
बस्ती गर्न असल् अलीकति पशू-पाखा-विषे कम् भयो॥

पड्छन् ब्राह्मण खुप् चलाख टठिला मानिस्हरू जात् सबै
निर्बुद्धो लँगडो लुलो र गँडहा देखिन्न मानिस् कबै।
भानूभक्त भनी प्रसिद्ध कविजी जन्म्या यहीँ बेस् छ यो
विद्याकेन्द्र असल् अलीकति पशू-पाखा-विषे कम् भयो॥

तनुङ्चुँदिका श्रीकृष्ण आचार्यको वंश

तनुङजनपदको चुँदि-तामाकोट-गाममा वैक्रमाब्दका उन्नाइसौं शताब्दीमा **श्रीकृष्ण आचार्यको** (जोखु पाध्याको) [आनुमानिक समय १८११–१८८८ वै.] निवास भएको देखिञ्छ। श्रीकृष्ण आचार्यका पूर्वजहरुमा श्रीकृष्णभन्दा अगिका नौ-पुरुषसम्मका नाम पाँइञ्छन्। ति नाम प्राचीनताक्रमले क्रमशः **सूर्योपाध्याय, सुनन्दनोपाध्याय, इन्द्रमणि उपाध्याय, विष्णुहरि उपाध्याय, मणिकण्ठोपाध्याय, स्थानेश्वरोपाध्याय, ऋषीश्वरोपाध्याय, बालानन्दोपाध्याय** र **अग्नीश्वरोपाध्याय** हुन्। आँफ्नो परिचय दिनपर्दा भानुभक्त आचार्यले (१८७१–१९२५ वै.) श्रीकृष्ण आचार्यको परिचयका आधारमा आँफ्नो परिचय तल लेखिएका श्लोकले प्रस्तुत गरेको पाँइञ्छ—

पाहाड्को अति बेस देश् तनहुँमा श्रीकृष्ण ब्राह्मण् थिया
खुप् उच्चा कुल आर्यवंशि हुन गै सत्कर्ममा मन् दिया।
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया
तिन्को नाति म भानुभक्त भनि हुम् यो जानि चिह्नीलिया॥

श्रीकृष्णको माव्रलि कालिपारको ताह्नुका गाम भएको कुलानुश्रुति छ। त्याँहाँ १७४५ शकाब्दमा (१८८० वै.) लेखिएको माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-संहिताको पूर्वविंशतिको पुस्तक कुलपरम्परामा आइराखेको छ। श्रीकृष्ण आचार्यले तल्लो चुँदिकै पण्डित थरका उपाध्याय ब्राह्मण **रामनाथकि** छोरि बिया गरेको देखिञ्छ। इ पण्डित थरका ब्राह्मणका सन्तान त्याँहाँ चुँदिबिसिमा र फाम्दिपट्टि गरि ऐले पनि दस-बार घर देखिञ्छन्। श्रीकृष्ण आचार्यका तिनै पण्डितकि छोरिमा जन्मेका **धनञ्जय, काशिनाथ, पद्मनाभ (शेखर), तुलसीराम, गङ्गादत्त, इन्द्रविलास** भन्नि छ भाइ छोरा र भिर्कोटका **परशुराम सिग्देललाइ** दिएकि **रुद्रप्रिया** र गोर्खा भोगटेनिका **यदुनन्दन अर्ज्याललाइ** दिएकि **रमा** भन्नि दुइ बैनि छोरि रहेछन्। उक्त छअैभाइ लेखेपडेका सुशिक्षित रहेछन्। जेठा धनञ्जय खरदार भएका रहेछन्। विद्या,

इष्टापूर्त, धर्मकर्म, दान-पुण्य, सदाचार, वंशवृद्धि, धनधान्यसमृद्धि सबैथोकबाट श्रीकृष्ण आचार्यको ख्याति चलेको हुँदा भानुभक्तले उक्त प्रकारले श्रीकृष्ण आचार्यको ख्यातिका आधारमा आँफ्नो परिचय दिएको देखिञ्छ। भानुभक्तले आँफ्ना बाउको नाम नलिइ बाजे श्रीकृष्णको नाम लिएकाले श्रीकृष्णको विशिष्ट ख्याति भएको बुजिञ्छ। श्रीकृष्णले वृद्धावस्थामा काशिवास गरि काशिमै देहत्याग गरेका रहेछन्। **श्रीकृष्ण आचार्य**का जेठा छोरा खर्दार **धनञ्जय**का सुपुत्र, श्रीकृष्ण आचार्यका नाति तथा शिष्य, नेपालि भाषाका **आदिकवि भानुभक्त आचार्य**का नामले गर्दा ऐले तनुङ-चुँदि र श्रीकृष्ण आचार्यको वंश सम्पूर्ण नेपालिहरुमा सुविख्यात छ।

श्रीकृष्ण आचार्यका वंशका पण्डित कविराज नरनाथशर्मा आचार्य

श्रीकृष्ण आचार्यका साइँला छोरा ज्योतिषका र कर्मकाण्डका ज्ञाता पद्मनाभका (शेखरका) [आनु.१८४५–१९१५ वै.] तनुङ-बन्दिपुरका उपाध्याय ब्राह्मण श्रीधर भटराइकि छोरिमा जन्मेका गौरीदत्त र देवदत्त दुइभाइ छोरा र छ बैनि छोरि रहेछन्। ति छ बैनि छोरिमध्ये नरङ्गाका **अनिरुद्धव़ाग्ले**लाइ दिएकि जेठि चन्द्रकलाका, म्याग्देका **धर्मदत्तभटराइ**लाइ दिएकि माइलि सुशीलाका, गोर्खा हर्मिका **मित्रकृष्णघिमिरे**लाइ दिएकि साँइलि रमाका र मानुङका **गिरिधारिखनाल**लाइ दिएकि काँइलि नर्मदाका पनि सन्तान छन्, ठाँइलि गिरिजा निरपत्य विधवा हुनाले काशिवास गरि मुक्त भएकि रचिन्, नाम नजानिएकि कान्छि पनि निस्सन्तान नै बितेकि रचिन्। छोराहरुमा जेठा **गौरीदत्त** १ छोरा र १ छोरि २ सन्तान छोडेर ३२ वर्षका अवस्थामा नै १९२७–१९२८ संवत्तिर बितेका रहेछन्। कान्छा **देवदत्त** चल्तिको ज्योतिषका ज्ञाता हुनुहुँदो रहेछ। व़ाँहाँको जन्म १८९७ संवत्मा भएको बुजिञ्छ। व़ाँहाँको स्वर्गारोहण १९५३ संवत्का जनैपूर्णिमामा भएको रहेछ। व़ाँहाँले लेख्नुभएको कुलदेवतापूजाविधिको पत्र प्राप्त छ। देवदत्तका तनुङ-नरङ्गाका उपाध्याय ब्राह्मण कलाधर अधिकारिकि छोरि पद्मा देवीमा (१९०१–१९७५) जन्मेका **विश्वनाथ** (१९१४–१९८६), **लोकनाथ** (१९२७–१९६३), **तारानाथ** (१९३५–१९८६) र **वेदनाथ** (१९४०–१९९८) भन्नि चार भाइ छोरा रहेछन्, छ बैनि छोरि रहेछन्। तिनमा नरङ्गाका व़ाग्लेलाइ दिएकि जेठि योगमाया निरपत्य विधवा हुनाले काशिवास गरि मुक्त भएकि रचिन्। गामैमा **विष्णुदत्तपौडेल**लाइ दिएकि माइलि यशोदाका, मानुङ **पीताम्बरखनाल**लाइ दिएकि साँइलि कमलाका, मानुङमै **नरनाथखनाल**लाइ दिएकि काँइलि ताराका, उपल्लाचुँदि **जगन्नाथखनाल**लाइ दिएकि तिलोत्तमाका (कृष्णमायाका) र उपल्लाचुँदिमै **शतञ्जीविपण्डित**लाइ दिएकि कान्छि खिनाका पनि सन्तान छन्। तिनमा ताराका छोराहरुमध्ये कान्छा यदुनाथ खनाल (१९७०–२०६१) र खिनाका छोरामध्ये कान्छा जुननाथ पण्डित (१९६५–२०४७) नेपालि समाजमा विशेष परिचित भएका थिए। देवदत्तका छोराछोरि धैरै भएकाले, पत्नी लाउन-खानमा विशेष सौखिन भएकिले, प्रतिष्ठित व्यक्तिहरुसित लिनदिन गर्न परेकाले तथा ६ बैनि छोरिहरुको आँफ्नो प्रतिष्ठाको अनुकूल रूपमा राम्ररि बियादान

गर्न परेकाले व्हाँहाँको आर्थिक स्थिति धेरै खस्केको रहेछ। व्हाँहाँलाइ तेस वेलाको १६०० महेन्द्रमल्लि रुपियाँ रिन लागेको रहेछ। त्यो रिन चारभाइ छोरालाइ नै बाँडेर व्हाँहाँ बित्नुभएको रहेछ। देवदत्तका चार भाइ छोरामध्ये जेठा **विश्वनाथले** तनुङ-म्याग्देका नारायण घिमिरेकि पलाँतिनि, दामोदर घिमिरेकि नातिनि, बुद्धिसागर घिमिरेकि छोरि, जङ्गबाहादुरका पालाका कर्नेल शिवशङ्कर उपाध्याय घिमिरेकि तथा डिट्ठा टेकनाथ घिमिरेकि बैनि कुबिल्लादेवी (१९१२–१९८९) बिया गर्नु भएको रहेछ। व्हाँहाँ संस्कृत-साहित्य-व्याकरण-धर्मशास्त्रमा विचक्षण, व्यावहारिक कर्मकाण्डमा निपुण, उत्तम पुराणकथावाचक, संस्कृतपद्यरचना समेत गर्ने कवि र स्वतन्त्र अध्यापक पनि हुनुहुँदो रहेछ (द्र.– नेपालि त्रैमासिक, पूर्णाङ्क ४४, कतिपय-नैपाल-संस्कृतग्रन्थकार-परिचयः, २०४८)। माइला **लोकनाथ** ज्योतिषका ज्ञाता र अइन्-कानुन-लेखापडिका विज्ञ हुनुहुँदो रहेछ। व्हाँहाँले ज्योतिषको ज्ञान आँफ्नै पिताबाट र अइन-कानुन-लेखापडिको ज्ञान आँफ्ना जेठान डिट्ठा रामनाथखनालबाट पाउनुभएको रहेछ। व्हाँहाँले आँफ्ना भाइ वेदनाथलाइ आँफुले जागिर खाएका ठाममा लगि साथमा राखेर अइन-कानुन-लेखा-पडिको शिक्षा दिनुभएको रहेछ। व्हाँहाँले सार्नुभएको ग्रहलाघवको पुस्तकका केइ पत्र भेटिएका छन्। काण्डारक-पूजाविधिका पत्र पनि प्राप्त छन्। व्हाँहाँ प्रवास(चइनपुर-[ताप्लेजुङअमिनि])बाटै १९६३ संवत्का माघेअम्सिमा सूर्यग्रहणमा गङ्गास्नान गर्न काशि जानुभएकामा सो कर्म गरि पञ्चक्रोशीयात्रा पनि गरेपछि माघशुक्लसप्तमीमा काशिमै विसूचिकाले व्हाँहाँको देह छुटेको रछ। काञ्छा **वेदनाथ** भार्दारिमा डिट्ठासम्म हुनुभएको थियो। लोकनाथका तनुङ उपल्ला चुँदिका रमावल्लभ (गुणानन्द) खँदालकि पलाँतिनि वेणीमाधवकि नातिनि दुर्गादत्तकि सुपुत्री डिट्ठा रामनाथकि बैनि यशोदा देवीमा (१९२९–१९८५) धेरै नै सन्तान जन्मेका रछन्, तर जन्मदै खेरा जाँदै गरेकाले जन्मने बित्तिकै खलानमा अफालेर बाँचेकि १९५१ संवत्मा जन्मेकि आफलादेवी हुर्केकि रचिन्। उनलाइ म्याग्देका डिट्ठा नन्दप्रसादका छोरा टीकानिधि घिमिरेलाइ दिएको रछ। उनमा एक छोरा पनि जन्मेका रचन्। दुप्लि-पातलि दुर्बल प्रकृतिकि हुँदा सौता पाइचन्। उनि माइतै बस्दिरहिछन्। १९८६ सालका पुसमा माइतमा नै बितिचन्। माव्हलिमा पालिएका छोरा पनि १९९० सालमा बितेचन्। तिन छोरा छोडि लोकनाथ बितेकामा माइला **गोपीनाथ** (१९५९) पनि १९७२ सालमा बितेचन्। दुइ छोरा चिरजीवि भएछन्। तिनमा जेठा **उमानाथ** (१९५७–२०१७) मेधावी, वाक्पटु, शास्त्रज्ञ, वेदभक्त, आचारनिष्ठ, दृढव्रत, प्राणाचार्य हुनुहुन्थ्यो। व्हाँहाँ काशिहिन्दुविश्वविद्यालयको आयुर्वेद-विज्ञानाचार्य-परीक्षामा उत्तीर्ण हुनुहुन्थ्यो। व्हाँहाँ नेपालमा आयुर्वेदको विद्यालय खुल्दा १९८५ वैक्रमाब्दमा अध्यापक नियुक्त हुनुभएको थियो। नरहरि आचार्य व्हाँहाँकै छोरा हुन्। व्हाँहाँले वेद-स्मृति-पुराणादिसंहिताहरुको सार खिचेर बनाउनु भएको संहितासार-वाङ्मयी भन्ने संस्कृतशास्त्रकाव्य अपूर्णरूपमा उपलब्ध छ। तेसको ४ काण्डमध्ये सत्यसवनकाण्डको पूर्वसर्ग त्रि.वि.संस्कृतअध्ययनसंस्थानको **हैमवती** भन्ने पत्रिकाका २०३१ संवत्मा प्रकाशित प्रथमअङ्कमा केइ विकल रूपमा प्रकाशित पनि भएको छ। अरु केइ अंश **नेपालको विद्वत्परम्परा** (२०५१) भन्ने पुस्तकमा प्रकाशित छ। व्हाँहाँले

बनाउनुभएको सामयिक नेपालिपद्यहरुको सङ्ग्रह नरहरिको जिम्मा लगाइएको थियो, सुरक्षितै होला। हलाष्टक चाइँ हामिसित पनि सुरक्षित छ। कान्छा **नरनाथ** (१९६२–२०४५) कुशाग्रीयबुद्धि, परिश्रमि, उद्यमशील, न्याय्यवृत्तिपरायण, कर्मयोगि, व्यावहारिक धर्मशास्त्र, नीतिशास्त्र, ज्योतिष, कर्मकाण्ड, कथा-पुराण, लेखापडि-व्यवहार इत्यादिमा विचक्षण, लेखक, कवि र थौरै व्ययले चिकित्सा गरिदिने सरलस्वभावका लोकप्रिय कुशल चिकित्सक हुनुहुन्थ्यो। व़ाँहाँ वाराणसीका संस्कृतव्याकरणमध्यमामा र आयुर्वेद-शास्त्रिपरीक्षामा उत्तीर्ण हुनुहुन्थ्यो। व़ाँहाँका वधूरक्षा, सत्यहरिश्चन्द्रकथा (२०१६), आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र (प्रथमसंस्करण २०१७, द्वितीय-संस्करण २०३६), लक्षहोमयज्ञको वर्णन (२०१८), लक्षाहुतिपञ्चदशी (२०३३), कवितासङ्ग्रह (२०४०), पद्यमाला (२०४०) इत्यादि कृतिहरु प्रकाशित छन्। संस्कृतमा फुट्कर पद्यहरु पनि व़ाँहाँले रच्नुभएको छ। ति उक्त पद्यमालामा समाविष्ट छन्। प्रस्तुत परिष्कृत-चतुरशीतिपूजापद्धति पनि व़ाँहाँले परिष्कृत गर्नुभएको हो।

पण्डित कविराज नरनाथशर्मा आचार्यको जन्म चल्तिको कालगणनाअनुसारको १९६२ वैक्रमाब्दका चइतका १९ गते आइतबार बेलुका ९ घडि रात जाँदा चैत्रशुक्ल-सप्तमी तिथिमा आर्द्रा नक्षत्रका तेस्रा पाउमा वृश्चिक लग्नमा सिंहनवमांशकमा भएको रछ। १९६२ संवत्को बालि थन्क्याइ जागिर खान गएका व़ाँहाँका पिता लोकनाथ आचार्यको १९६३ संवत्का माघ-कृष्ण अम्सिको सूर्यग्रहण न्व़ाउँन भनि आँफुले जागिर खाएका ठाम ताप्लेजुङ-(अमिनि)बाट वाराणसी जाँदा सूर्यग्रहण न्व़ाइसकेपछि पञ्चक्रोशीयात्रा गर्दा वाराणसीमै विसूचिकाले (हैजाले) पक्रि माघशुक्ल-सप्तमीमा देहत्याग भएको रछ। तेसले गर्दा एस ग्रन्थका रचयिताले आँफ्ना पिताको मुख पनि देख्न पाउँनु भएको रइञ्छ। अर्थकार्श्यले गर्दा आमाले व़ाँहाँलाई बडा कष्टले हुर्काउनु-भएको रछ। सानैदेखि खेतिपातिमा आमालाइ पूर्ण सहायता गर्नपर्ने हुँदा प्राय हिउँदका मैनाहरुमा मात्र व़ाँहाँलाइ पड्नि अवसर मिल्नि गरेको रछ।

व़ाँहाँलाइ लिपिग्रहण व़ाँहाँका दाजु उमानाथ आचार्यले गराउनु भएको रछ। व़ाँहाँको उपनयन (व्रतबन्ध) १९७० वैक्रमाब्दका वैशाख ५ गते भएको रच। व़ाँहाँले गायत्री मन्त्र दाजु उमानाथैसित; वेदमन्त्र र दीक्षामन्त्र व़ाँहाँकै ज्येष्ठ पितृव्य प. विश्वनाथसित सुन्नुभाऽ रच। व़ाँहाँले दुर्गाकवच, चण्डी, रुद्री, अमरकोश र सखिशब्दसम्म लघुकौमुदी पनि आँफ्ना ज्येष्ठपितृव्य प. विश्वनाथ आचार्यसित पड्नुभएको रच।

अनि व़ाँहाँ आँफ्ना दाजु उमानाथ आचार्यले झिकाउँदा १९७८ संवत्का भदौमा पड्न काठमाण्डु आउनुभएको रछ। मोदनाथ रेग्मिसित र आँफ्ना दाजुसित गरि नौ मैनामा लघुकौमुदी सकि १९७९ संवत्मा प्रथमपरीक्षा दिइ पैला भै उत्तीर्ण हुनुभाऽ रच।

१९७८ संवत्मा १० जाना योग्य विद्यार्थिहरुलाइ आयुर्वेद पड्न भारत पठाउने क्रममा व़ाँहाँका दाजु उमानाथ आचार्यलाइ श्री ३ चन्द्रसम्सेरले आयुर्वेद पड्न भारत पठाउँन लाग्दा व़ाँहाँका दाजुले निवेदन गर्नुभएकाले श्री ३ चन्द्रका आज्ञाले प्रस्तुत

पद्धतिका परिष्कर्ता पण्डित-कविराज-नरनाथशर्माआचार्यले १९७८ संवत्का पुसका १ गते रानिपोखरि पाकशालामा प्रवेश पाउनुभएको रहेछ।

प. टेकनाथ पौडेलसित सिद्धान्तकौमुदी, प. कालिदास पराजुलिसित कुमार-सम्भव र प. देवीदत्त पराजुलिसित दशकुमारचरित पडि १९८० संवत्मा व्याकरण-मध्यम-प्रथमखण्डको परीक्षा दिंदा व्राँहाँ पैला भै उत्तीर्ण हुनुभएको रछ। १९८१ संवत्मा द्वितीय खण्ड पड्दा साउन २ गते विसूचिकाले (हैजाले) पक्रि अस्वस्थ हुँदा अस्वस्थालयमा प्रविष्ट भै उपचार गरि तेस रोगबाट मुक्त भए पनि शरीर दुर्बल भएकाले विदा लिइ घर तनुङ-चुंदि-तामाकोट जानुभएको रच।

एसै वर्ष फागुन १४ गते जन्ति गै व्राँहाँको तनुङ-क्यामिन-धरमपाँनिका दामोदर उपाध्याय व्राग्लेकि पलाँतिनि, वसन्तराज उपाध्याय व्राग्लेकि नातिनि, एक कुलीन सरल सदाचारि वेदपाठि कृषिजीवि ब्राह्मण अनिरुद्ध उपाध्याय व्राग्ले(१९२९–१९९९ वै.)कि छोरि गङ्गामायादेवी(पद्मा-)सित (१९७२–) विवाह भएको रहेछ।

तेसपछि १९८२ संवत्को बर्खा पनि घरै बसि खेतिपातिमै बिताएर फागुनमा काठमाण्डु आइ रानिपोखरि-पाकशालामा बस्ता फेरि अस्वस्थ भै पच्चिस तिस दिनमै पुनः घर फर्कि घरै बसि १९८३ संवत्का माघे सक्क्रातिमा काशि पुग्ने गरेर आमाको अस्तु सेलाउन जाने बाउनदाइ चन्द्रकान्तपौडेलसित गएर वाराणसी पुगि काशि-हिन्दु-विश्वविद्यालयमा आयुर्वेदविज्ञानाचार्य-कक्षामा अध्ययन गरि बसेका आँफ्ना दाजु उमानाथ आचार्यसित सिद्धान्तकौमुदीको मध्यमाको द्वितीयखण्डमा र तृतीयखण्डमा पड्न पर्नि भाग पडि घर फर्कनु भएको रहेछ। १९८४ संवत्मा आँफ्नै ज्येष्ठ पितृव्य प. विश्वनाथ आचार्यसित मध्यकौमुदीको सम्बद्ध भाग पडि तेसैका आडले चतुर्थ खण्डमा पड्न पर्नि सिद्धान्तकौमुदीको भाग आँफै लगाइ साउनमा काठमाण्डु आइ मुक्तावल्या-दि अरु ग्रन्थ बाउनभाइ रुद्रशङ्करपौडेल-जुननाथपण्डितहरुका सङ्गतबाट पडि व्याकरणको सम्पूर्ण-मध्यमाको परीक्षण-परीक्षा दिनुभएको रछ। तेसमा व्युत्पत्तिका पत्रमा सर्वाधिक अङ्क प्राप्त गरि समुत्तीर्ण भै वाराणसी गै सर्खारि बनारस-[कुइन्स-संस्कृत]-कालेजको संस्कृत-व्याकरण-मध्यम-परीक्षा दिइ समुत्तीर्ण हुनुभएको रच।

तेसपछि ज्योतिषको मध्यमाका ग्रन्थ पड्न काठमाण्डु आउनुभएको रहेछ। तर अस्वस्थ भै सो छोडि गोर्खा-सिराञ्चोकमा शिक्षक हुन भनि घर जाँदा व्राँहाँकि आमा यशोदादेवी १९८५ संवत्का लक्ष्मीपूजाका दिन स्वर्गे हुनुभएकाले व्राँहाँको अन्त्येष्टि-क्रिया सकि १९८५ संवत्का पुस १ गतेदेखि उक्त शिक्षकको काम थाल्नुभएको रहेछ। तर १९८७ संवत्का बर्खामा अस्वस्थ भै घर जानुभएको रछ र अस्वस्थता-ऽवकाश स्वीकृत नभै १९८७ संवत्का मार्ग मैनामा सो जागिर छुट्या रछ।

तेसपछि १९८७ संवत्को धानबालि थन्क्याइ काठमाण्डु आइ ठमेलका ज्योतिषि मनोहर लामिछानेसित एक मैना ज्योतिष पड्नुभएको रहेछ। १९८८ संवत्का जेठमा श्री३भीमसम्सेरले शिवराज सत्यालका जेठा छोरालाइ आचार्य बनाएर कोटिहोम

लाउँदा मध्यमासम्म गरेका पण्डितलाइ मात्र टिकट दिने ठुला पण्डितलाइ नदिने नियम भएकाले व्राँहाँ पनि ऋत्विक्मा वरिनुभएको रछ। तेसमा व्राँहाँलाइ उत्तम खान-पान, १ तोला सुनको बाजुबन्ध, दुइटा राता उत्तम धोति, ओड्नि, राता रुमाल, पञ्च-पात्रा-आचमनि, १०८ रुद्राक्षको माला र उसवेलाका शुद्ध चाँदिका २०० रुपियाँ दक्षिणा मिलेको कुरा पनि व्राँहाँ गर्नुहुन्थ्यो।

तेसपछि आयुर्वेद पड्न थालि १९८९ संवत्मा 'काशि आयुर्वेद सम्मेलनी'को आयुर्वेदशास्त्रि-परीक्षामा उत्तीर्ण हुनुभएको रहेछ। तेसपछि काठमाण्डुमै आयुर्वेदीय-विद्यालयमा आयुर्वेदाचार्य-कक्षामा पड्दा-पड्दै आँफ्नै घरपाइमा आँफ्नै जिल्लाको केन्द्र बन्दिपुरमा कविराजको पद प्राप्त भएकाले सो पदमा नियुक्त भै १९९० संवत्का जेठ १ गते सो पदको कार्यारम्भ गर्नुभएको रछ। तेसपछि २००४ संवत्का असार १ गते लम्जुङ-तार्कुघाटमा, २००६ संवत्का माघ २१ गते तनुङ-म्याग्देमा, २००९ संवत्का पुस १ गते तनुङ-स्याम्घामा, २०१३ संवत्का मङ्सिरमा पुनः तनुङ-म्याग्देमा, २०१५ संवत्का माघ-फागुनतिर दुइ मैना गोर्खा-मनकामनामा, तेसपछि पुनः म्याग्देमै, २०१७ संवत्का असार ९ गते पाल्पा-जवगादिमा र २०१८ संवत्का वैशाख १८ गते तनुङ-चुँदि-टुहुरेपसलमा सरूआ भै उक्त पदमा बसि काम गर्नुभएको रछ। २०३० मङ्सिर ३० गते उक्त पदबाट व्राँहाँलाइ अवकाश प्राप्त भएको रच। एस अवधिमा बिच-बिचमा घरायसि रूपमा संस्कृतव्याकरणको शिक्षण गर्ने काम पनि गर्ने गर्नुभएको रहेछ।

व्राँहाँ व्यावहारिक वैदिक कर्मकाण्ड, कथा-पुराण, व्यावहारिकधर्मशास्त्रीय निर्णय, संस्कृत-व्याकरणादि-शिक्षण, लेखापडि, अँइन्-स्रेस्ता, व्यवहारनीति इत्यादि विषयको व्यावहारिक ज्ञानले सम्पन्न हुनुहुन्थ्यो। व्राँहाँले आँफ्ना गाममा बाटो चिठाउने, आँफ्नि आमाले लाएको ठाँटिको पुनर्निर्माण गर्ने र चौतारो लाउने, आँपको सानु बगैँचा लाउने काम पनि गर्नुभएको थियो।

व्राँहाँका दश छोराछोरिमध्ये ऐले सात छोराछोरि जीवित छन्। व्राँहाँका ज्येष्ठपुत्र अतिमेधावि भोजराज आचार्यको (१९९२-२०१०) साहित्यमध्यमपरीक्षामा समुत्तीर्ण भै शास्त्रिकक्षामा पड्दा-पड्दै अट्ठार वर्षका वयमा आँपका रुखबाट लडि अकस्मात् निधन भएकाले जेठि बुआरि तनुङ-सुखौराका डिट्ठा गोवर्धन उपाध्याय भटराइकि छोरि विष्णुमाया (१९९०-) निरपत्य विधवा छन्। उनले वैदिक धार्मिक दार्शनिक चेतना दुर्बल भएका सामाजिक अवस्थाले गर्दा अज्ञानवश अथवा आर्थिकविपन्नतावश बन्न गएका वैष्णवहरुका बहकाइमा परेर कुलपरम्परामा नभएको रामानुजि वैष्णवदीक्षा लिएकिले धर्म-फरक भएकि हुँदा माइतैतिर बसेकि छन्। व्राँहाँकि तनुङ मैबलका पौडेललाइ दिएकि छोरि हरिमायादेवी (१९९६-) पनि निरपत्य विधवा छन्। उनि केइ काल सामाजिक कार्यमा पनि संलग्न थिइन् र ऐले आमाको हेरचाहा गरेर बसेकि छन्। व्राँहाँका ऐले वर्तमान छ भाइ छोरामध्ये चार भाइ त्रिभुवनविश्वविद्यालयमा शिक्षक भएका हुन्। अरु दुइ भाइ डाक्टर र इञ्जिनियर छन्। व्राँहाँले जीवनको उत्तरार्धमा

आँफ्नु पुर्खेउलि-घर तनुङ जिल्लाको चुँदि-तामाकोट-बिसिमा (कविराम-बिसिमा) कविराम (बग्रे) खोलाका तीरमा (भानुगाविस–३मा) रएको एउटा सानु घरमा पत्नी र विधवा छोरि साथमा लिएर वानप्रस्थझैँ जीवन-यापन गर्नु भएको थियो।

व्ाँहाँ आर्थिक रूपमा अत्यन्त विपन्न स्थितिमा रहेकि आमाबाट हुर्काइनुभएको रहेछ। व्ाँहाँले पिताको त मुख पनि देख्न पाउनुभएको रहेनछ। ज्येष्ठपितृव्यादि पितृव्य-हरुका र अग्रजका अनुग्रहले व्ाँहाँले शिक्षा प्राप्त गर्नुभएको रहेछ। पछि व्ाँहाँले तनहुँको केन्द्र बन्दिपुरमा १४ वर्ष कविराजपदमा बसेर काम गर्दा राम्रै अर्थोपार्जन गरेर घर-खेतको राम्रै व्यवस्था गर्नुभएको रहेछ। पछिसम्म पनि **"अजरामरवत् प्राज्ञो विद्यामर्थं च चिन्तयेत्", "क्षणत्यागे कुतो विद्या कणत्यागे कुतो धनम्"** इत्यादि नीतिको अनुसरण गरि व्ाँहाँले निरन्तर उद्यमशीलता अँगाल्नुभएकाले व्ाँहाँको घर-खेतको अवस्था राम्रै थियो। व्ाँहाँका चिरजीवि छ भाइ छोरामध्ये जेठा शिवराज आचार्यले शिक्षाको र उन्नतिको राम्रो बाटो देखाइ आँफ्ना छोराछोरिको विशेष हितघत समेत नहेरि आर्थिक रूपले समेत सबै प्रकारले टेव्ा दिएर सबै भाइलाइ उतार्ने काममा सहयोग गरेकाले समेत जीवनका उत्तरार्धमा व्ाँहाँको पारिवारिक आर्थिक अवस्था सन्तोषजनक नै थियो, तथापि धर्म्य उत्तराधिकारको सुदृढ व्यवस्था हुन नसकेकाले तेस आर्थिक अवस्थाबाट वैदिक धर्मानुकूल वाञ्छनीय परिणाम निस्कन भने कठिन हुने स्थिति पर्न गएको छ। व्ाँहाँको स्वर्गारोहण २०४५।१।२५ मितिमा पशुपति आर्यघाटमा भएको हो।

व्ाँहाँले लेख्नुभएको **आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र** भानुका कुलकुटुम्बको, शैक्षिक पृष्ठभूमिको र शिक्षा-दीक्षाको स्पष्ट परिचय दिनु, घाँसीसम्बद्ध, गजाधर सोतीसम्बद्ध आदि भानुका जीवनका जेलिएका घटनाहरुको परम्पराप्राप्त तर्कसङ्गत स्वरूप देखाउनु, भानुका व्यक्तित्वका विविध पक्षको विस्तृत चर्चा गर्नु, भानुले बनाएका तर अरुले प्रकाशित नगरेका धेरै फुटकर पद्यहरुको प्रकाशन गर्नु, भानुले लेखेका धेरै लिखतहरुका प्रतिलिपि प्रकाशमा ल्याउनु, भानुको निधन-तिथिको स्पष्ट उल्लेख गर्नु, भानुका कृतिहरुको प्रथम प्रकाशनको विवरण दिनु इत्यादि अनेक विशेषताले भोरिएको छ।

व्ाँहाँले समय-समयमा गर्नुभएका सामयिक कविता धेरै छन्। तिमध्ये १९९६ संवत्का वैशाखमा आँफ्नो गाममा आगलागि भै तेसमा नौ घर पर्दा गर्नुभएको पद्यमाला(२०४०)मा प्रकाशित कविता अत्यन्त हृदयस्पर्शि छ। सो कविता सुनाइ तनुङ-बन्दिपुर-बजारका साउजिहरुसित सहायताका रूपमा काम्ला-कपडाहरु माग्दा धेरै नै प्राप्त भएकाले ति वस्तुहरु व्ाँहाँले अग्निपीडित बन्धुहरुमा वितरण गर्नुभएको रहेछ। चुँदि-बिसिमा भएका लक्ष-होमहरुको वर्णन गरि गर्नुभएको कविता प्रकाशित पनि भएको छ। व्ाँहाँले मार्मिक संस्कृत-नीतिश्लोकहरुको अनुवाद पनि गर्नुभएको छ। तिमध्ये केइ नीतिश्लोकहरु एसै ग्रन्थमा पनि समावेश गरिएका छन्॥

वैदिक-कालज्ञानम्

तिथिश् च करणम् भञ् च योगोऽथो वासराधिपः।
दिनरूपस्य कालस्य पञ्चाऽङ्गानि विदुर् जनाः ॥१॥

सूर्योदयात् प्रभृति यो यावत् सूर्योदयम् परम्।
कालस् तत् सावनदिनं वैदिकैः परिकीर्तितम् ॥२॥

त्रिंशन्मुहूर्तोऽहोरात्रः पक्षस् ते दश पञ्च च।
पक्षौ पूर्वापरौ शुक्लकृष्णौ मासस् तु तावुभौ ॥३॥

प्रतिपच् च द्वितीया च तृतीया च चतुर्थ्यपि।
पञ्चमी चैव षष्ठी च सप्तमी चाऽष्टमी ततः ॥४॥

नवमी दशमी चैकादशी च द्वादशी तथा।
त्रयोदशी चाऽथ चतुर्दश्यथो पौर्णमास्यमे ॥५॥

करणानि तु कौस्तुभं ववं वालव-कौलवे।
तैतिलं च गराजिर् वा-णिजं विष्टिर् ववादिकम् ॥६॥

क्रमाच् शुक्लप्रतिपदस् तिथ्यर्धेषु भवन्ति हि।
कृष्णान्ते शकुनिश् चतुष्-पदं च नागमेव च ॥७॥

नक्षत्राणि कृत्तिकाश् च रोहिणी मृगशीर्षकम्।
आर्द्रा पुनर्वसू पुष्यस् ततोऽश्लेषा मघास् तथा ॥८॥

पूर्वफल्गुन्यौ च फल्गुन्यौ तथैवोत्तरे अपि।
हस्तश् चित्रा च स्वातिश् च विशाखे चाऽनुराधिकाः ॥९॥

ज्येष्ठा मूलञ् च पूर्वाश् चाऽषाढास् ता उत्तरा अपि।
श्रवणश् च श्रविष्ठाश् च ततश् शतभिषक् परः ॥१०॥

पूर्वभद्रपदे चैवोत्तरभद्रपदे अपि।
रेवत्यश्वयुजौ चाऽपभरण्यश् चाऽप्यनुक्रमात् ॥११॥

यत्राऽहोरात्रके यस्य नक्षत्रस्य तु सन्निधौ।
भवेच् चन्द्रस् तस्य तद् धि नक्षत्रमिति कथ्यते ॥१२॥

चन्द्रचारेषु चन्द्रस्य कृत्तिकास्वम्बया सह।
यदा योगो भचक्रस्य तदाऽऽरम्भो हि वैदिकः ॥१३॥

तत्तद्भानामन्यदीयमते प्रारम्भतः परम्।
पञ्चमांशत्रये प्रायोऽतीते ह्यादिस् तु वैदिकः ॥१४॥

"अग्निः प्रजापतिः सोमो रुद्रोऽदितिर् बृहस्पतिः।
सर्पाश् च पितरश् चैव भगश् चैवाऽर्यमाऽपि च ॥१५॥

सविता त्वष्टाऽथ वायुश् चेन्द्राग्नी मित्र एव च।
इन्द्रो निर्ऋतिरापो वै विश्वेदेवास् तथैव च ॥१६॥

विष्णुर् वसवो वरुणोऽजएकपात् तथैव च।
अहिर्बुध्न्यस् तथा पूषा अश्विनौ यम एव च ॥१७॥

नक्षत्रदेवता एता एताभिर् यज्ञकर्मणि।
यजमानस्य शास्त्रज्ञैर् नाम नक्षत्रजं स्मृतम्॥१८॥"

सूर्यचन्द्रस्थितिवशाद् योगा विष्कम्भकादयः।
भवन्ति तेषां नाम्नैव विज्ञेयञ्च शुभाशुभम्॥१९॥

१ २ ३ ४ ५
विष्कम्भः प्रीतिरायुष्मान् सौभाग्यः शोभनस् तथा।
६ ७ ८ ९ १०
अतिगण्डः सुकर्मा च धृतिः शूलश् च गण्डकः॥२०॥
११ १२ १३ १४ १५
वृद्धिर् ध्रुवश् च व्याघातो हर्षणो वज्र एव च।
१६ १७ १८ १९ २०
सिद्धिस् तथा व्यतीपातो वरीयान् परिघश् शिवः॥२१॥
२१ २२ २३ २४ २५ २६ २७
सिद्धिस् साध्यश् शुभश् शुक्लो ब्रह्मा ऐन्द्रश् च वैधृतिः।
इति योगास्तु सङ्कल्पे कीर्तनीया बुधैस् स्मृताः॥२२॥

आदित्यश् चाऽथ सोमश् च मङ्गलश् च बुधोऽपि च।
बृहस्पतिश् शुक्र-शनी स्युः क्रमाद् वासराधिपाः॥२३॥

तपस्-तपस्यौ च मधु-माधवौ शुक्रकः शुचिः।
नभो-नभस्यौ चेषोर्जौ सहाश् चैव सहस्यकः॥२४॥

सूर्यगत्यनुगौ चान्द्रौ वैदिकद्विजसम्मतौ।
द्वौद्वौ तपःप्रभृतिकौ मासावृतुरिहोदितः॥२५॥

शिशिरश् च वसन्तश् च ग्रीष्मो वर्षास् तथा शरत्।
हेमन्तश् चेति ऋतवः क्रमान् मासद्वयात्मकाः॥२६॥

उत्तरायणमत्रोक्तमृतुभिश् शिशिरादिभिः।
त्रिभिर् वर्षादिभिः प्रोक्तमृतुभिर् दक्षिणायनम्॥२७॥

आर्यावर्ते तु मध्याह्नेऽहस्सु दीर्घतमा यदा।
शङ्कोश् छाया ततस् सूर्यः प्राप्नुयादुत्तरायणम्॥२८॥

आर्यावर्ते हि मध्याह्नेऽहस्सु ह्रस्वतमा यदा।
शङ्कोश् छाया ततः सूर्यः प्राप्नुयाद् दक्षिणायनम्॥२९॥

सूर्यस्योदङ्मुखीभावात् स्फुटं याऽमावसी परा।
तस्यां तु पूर्णे मासे हि प्रवृत्तं वर्षमिष्यते॥३०॥

तस्य मासस्य या शुक्लप्रतिपत् तत एव च।
इज्यार्थं वर्षमयनमृतुर् मासश् च गण्यते॥३१॥

तत्राऽयनं चोत्तरं स्यादृतुश् च शिशिरो भवेत्।
मन्त्रोक्तश् च तपा मासो माघो ब्राह्मणकीर्तितः॥३२॥

तपस्तपस्यादिषु हि सङ्केतः प्रथमः स्मृतः।
तन्निरूप्या हि माघाद्या ज्ञेया मन्त्रबलादपि॥३३॥

सौरेऽयने सप्त दर्शाः सपञ्चषदिनेऽपि च।
यदा दर्शे सप्तमे तु पूर्णो मासस् तदाऽधिकः ॥३४॥

कृष्णपक्षे तु नवमीमप्यतिक्रम्य भास्करः।
यत्राऽयनान्तरं गच्छेद् मासोऽमान्तो हि सोऽधिकः ॥३५॥

वैदिकानां तु वर्षादि सौरचान्द्रं प्रकीर्तितम्।
अयनं विषुवं सूर्यान् मासं चन्द्रात् प्रतर्कयेत् ॥३६॥

द्वाभ्यां हि अयनाभ्यां स्याद् वर्षं सवँवत्सरादिकम्।
सवँवत्सरस् तु प्रथमो द्वितीयः परिवत्सरः ॥३७॥

ततश् चेदावत्सरश् च तुर्य इद्वत्सरः श्रुतः।
वत्सरः पञ्चमोऽब्दः स्यात् पञ्चाब्दस्य युगस्य च ॥३८॥

तेषां विपरिवर्तैश् च युगद्वादशकं स्मृतम्।
वैष्णवाद्याह्वयं चान्द्रवत्सरं वैदिकानुगम् ॥३९॥

वैष्णवम्[१] प्रथमन् तत्र बार्हस्पत्यन्[२] ततः परम्।
ऐन्द्रम्[३]आग्नेयञ्[४] च त्वाष्ट्रम्[५]आहिर्बुध्न्यञ्[६]च पित्र्यकम्[७] ॥४०॥

वैश्वदेवञ्[८]च सौम्यञ्[९] च ऐन्द्राग्नञ्[१०]चाऽऽश्विनन्[११] तथा।
भाग्यञ्[१२] चेति द्वादशैव युगानि कथितानि हि ॥४१॥

"स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ।
स्यात् तदाऽऽदियुगम् माघस् तपशशुक्लोऽयनं ह्युदक् ॥४२॥"

चान्द्रा हि प्रभवाद्यास्तु तपशशुक्लादिका मताः।
एते ह्यन्यैः क्वचिच् चैत्र-शुक्लाद्याः परिकीर्तिताः ॥४३॥

संवत्सरादयश् चान्द्रा वेदोक्ता निश्चिता हि ते।
चान्द्र्या षष्ट्या हि युज्यन्ते न बार्हस्पत्यया क्वचित् ॥४४॥

वैष्णवादियुगेष्वब्दा षष्टिः स्युः प्रभवादयः।
चान्द्रा हि वत्सरास् ते हि गार्ग्यादिमुनिकीर्तिताः ॥४५॥

"प्रभवो[१] विभवः[२] शुक्लः[३] प्रमोदश्[४] च प्रजापतिः[५]।
अङ्गिराः[६] श्रीमुखो[७] भावो[८] युवा[९] धाता[१०] तथैव च ॥४६॥

ईश्वरो[११] बहुधान्यश्[१२] च प्रमाथी[१३] विक्रमो[१४] वृषः[१५]।
चित्रभानुः[१६] सुभानुश्[१७] च तारणः[१८] पार्थिवो[१९]ऽव्ययः[२०] ॥४७॥

सर्वजित्[२१] सर्वधारी[२२] च विरोधी[२३] विकृतिः[२४] खरः[२५]।
नन्दनो[२६] विजयश्[२७] चैव जयो[२८] मन्मथ[२९]-दुर्मुखौ[३०] ॥४८॥

३१ ३२ ३३ ३४ ३५
हेमलम्बो विलम्बोऽथ च विकारी शार्वरी प्लवः।
३६ ३७ ३८ ३९ ४०
शुभकृच् छोभनः क्रोधी विश्वावसु-पराभवौ ॥४९॥
४१ ४२ ४३ ४४ ४५
प्लवङ्गः कीलकः सौम्यः साधारण-विरोधकृत्।
४६ ४७ ४८ ४९ ५०
परिधावी प्रमादी च आनन्दो राक्षसोऽनलः ॥५०॥
५१ ५२ ५३ ५४ ५५
पिङ्गलः कालयुक्तश् च सिद्धार्थी रौद्र-दुर्मती।
५६ ५७ ५८ ५९ ६०
दुन्दुभी रुधिरोद्गारी रक्ताक्षी क्रोधनः क्षयः ॥५१॥"

चैत्रशुक्लप्रतिपदि कलेरब्दः प्रवर्तते।
अन्येषां तु मते यावतिथः षट्त्रिंशता ततः ॥५२॥
न्यूनः कृष्णयुगाब्दस् तु वैदिकानां प्रवर्तते।
तपश्शुक्लप्रतिपदि तत्पूर्वस्यामिति स्थितिः ॥५३॥
तष्टाः कलियुगाब्दास्तु षष्ट्याऽऽदियुगसञ्चयः।
लब्धः, शेषे पञ्चभिस् तु तष्टे लब्धं युगङ् गतम् ॥५४॥
शिष्टेऽत्र खे पञ्चमोऽब्दोऽन्यत्र तत्सङ्ख्यवत्सरः।
सवँवत्सरादिषु ज्ञेयो वैदिकैर् ब्राह्मणैस् सदा ॥५५॥

करणचक्रम्

तिथयः	शुक्लपक्षे		कृष्णपक्षे		तिथयः
	पूर्वार्धे	उत्तरार्धे	पूर्वार्धे	उत्तरार्धे	
१	कौस्तुभम्	ववम्	वालवम्	कौलवम्	१
२	वालवम्	कौलवम्	तैतिलम्	गराजिः	२
३	तैतिलम्	गराजिः	वाणिजम्	विष्टिः	३
४	वाणिजम्	विष्टिः	ववम्	वालवम्	४
५	ववम्	वालवम्	कौलवम्	तैतिलम्	५
६	कौलवम्	तैतिलम्	गराजिः	वाणिजम्	६
७	गराजिः	वाणिजम्	विष्टिः	ववम्	७
८	विष्टिः	ववम्	वालवम्	कौलवम्	८
९	वालवम्	कौलवम्	तैतिलम्	गराजिः	९
१०	तैतिलम्	गराजिः	वाणिजम्	विष्टिः	१०
११	वाणिजम्	विष्टिः	ववम्	वालवम्	११
१२	ववम्	वालवम्	कौलवम्	तैतिलम्	१२
१३	कौलवम्	तैतिलम्	गराजिः	वाणिजम्	१३
१४	गराजिः	वाणिजम्	विष्टिः	शकुनिः	१४
१५	विष्टिः	ववम्	चतुष्पदम्	नागम्	३०

स्वाद्ध्यायशालाकुटुम्बका प्रकाशित ग्रन्थहरु[१]

१. **वैदिक धर्म मूल रूपमा** (द्वितीय संस्करण, २०६२) (पृ. ८००) ५००।–
२. **वृत्तनक्षत्रमाला** (छन्दोग्रन्थ, २०२८) (पृ. ४६) ५।–
३. **जिम्दो नेपालि भासा** (भाषाव्याकरणदर्शनसम्बन्धि ग्रन्थ, पैलो खण्ड, २०३०) (पृ.१७६) २०।–
४. **जिम्दो नेपालि भासा** (दोस्रो खण्ड, २०३७) (पृ.३०४) १०।–
५. **नेपाली वर्णोच्चारणशिक्षा** [Nepali Phonetics] (साझा प्रकाशन, २०३१) (पृ. ४९४) ११।२५
६. **काव्यप्रकाशः** (सन् १९८०) "हैमवती"-संस्कृतव्याख्यासहित (पृ. ६०२) भा.रू. १२०।–
७. **कतिपय-नैपाल-संस्कृतग्रन्थकार-परिचयः** (२०४८) (पृ. १००) ४०।–
८. **कौण्डिन्न्यायनशिक्क्षा** [Sanskrit Phonetics] (प्रातिशाख्यादिसर्ववेदाङ्गशिक्षा-ग्रन्थसारसङ्ग्रहात्मकः पुष्कलसर्वाङ्गोऽपूर्वो विपुलकायो वेदाङ्गशिक्षाग्रन्थः, २०४९) (पृ. ८९६) ६६०।–
९. भारतवर्ष-बहिर्गमनादि-दुरित-**प्रायश्चित्तव्यवस्था** (नेपालिभूमिकायुता, २०४९) (पृ. ८०) ४०।–
१०. **वेदभाषानिघण्टुः** [कौण्डिन्न्यायनकोषः] (भूलोककाण्डान्तर्गत-देववर्ग-ब्रह्मवर्गात्मकः, २०५०) (पृ. ७२) ४०।–
११. माद्ध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाद्ध्यायि-निरग्निक-द्विज-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादि-**वैदिकमन्त्रसङ्ग्रहः** [सपरिशिष्टः] (२०५२) (पृ. १५६) १००।–
१२. मा.वा.शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां **सन्ध्योपासनपद्धतिः** (नैपालीयभाषामय-विस्तृतभूमिकायुता, २०५६) (पृ. १२०) २५।–
१३. मा.वा.शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजातीनाम् **एकोद्दिष्टश्राद्धपद्धतिः** (नैपालीयभाषामय-विस्तृतभूमिकासहिता, २०५८) (पृ. १४४) २५।–
१४. मा.वा.शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां **ब्रह्मयज्ञपद्धतिः** (नैपालीयभाषामय-विस्तृतभूमिकायुता, २०५९) (पृ. १२०) २५।–
१५. **पाणिनीयशिक्षा** (आचार्यकौण्डिन्न्यायनकृतवेदाङ्गशिक्षाविमर्शाख्यव्याख्यासहिता, हिन्दीभाषानुवादयुता, सन् १९९८, २००४) (पृ. १२८) भा.रू. ४५।–
१६. **नारदीयशिक्षा** (आचार्यकौण्डिन्न्यायनकृतव्याख्यासहिता, सन् २००२) (पृ. २८८) भा.रू.१५०।–
१७. **ब्रह्ममीमांसासूत्रम्** (शाङ्करभाष्यानुकूलया कौण्डिन्न्यायनवृत्त्या सहितम्, हिन्दीभाषानुवादयुतम्, सन् २००२) (पृ. ५२८) भा.रू. ३००।–
१८. **गरुडपुराणम्** [प्रेतकल्पात्मकम्, ४९ अध्यायात्मकम्] (सन् २००४) (पृ. ५६०) भा.रू. १५०।–
१९. **वेदाङ्गज्योतिषम्** (सोमाकरभाष्येण कौण्डिन्न्यायनव्याख्यानेन च सहितम्, सङ्क्षिप्तहिन्दीभूमिका-हिन्द्यनुवादयुतं च, सन् २००५) (पृ. ५४४) भा.रू. २५०।–/५००।–
२०. **व्यावहारिकं संस्कृतम्** (सचित्रं बालशिक्षार्थं प्रथमम् पुस्तकम्, २०५०) (पृ. ८०) २०।–
२१. **व्यावहारिकं संस्कृतम्** (सचित्रं बालशिक्षार्थं द्वितीयम् पुस्तकम्, २०५३) (पृ. ८८) ३०।–
२२. **व्यावहारिकं संस्कृतम्** (सचित्रं बालशिक्षार्थं तृतीयम् पुस्तकम्, २०५८) (पृ. १२४) ५०।–

---

१. कर्मकाण्डसम्बद्ध ग्रन्थहरुको विशेष विवरण एसै ग्रन्थको पृष्ठ ६–७ मा दिइएको छ।



नाम : पण्डित कविराज नरनाथशर्मा आचार्य
पिता : लोकनाथ आचार्य (१९२७-१९६३)
माता : यशोदादेवी (१९२९-१९८५)
शिक्षा : संस्कृत-व्याकरण-मध्यमा (१९८४), आयुर्वेदशास्त्री (१९८९)
निवास : तनहुँ चुँदि-तामाकोट्
जन्म : १९६२।१२।१९
स्वर्गारोहण : २०४५।१।२५

प्रकाशित अन्य कृति

- वधूरक्षा, सत्यहरिश्चन्द्रकथा, सुभाषितसङ्ग्रह [एकै पुस्तकमा] (२०१६)
- आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र (प्रथमसंस्करण २०१७)
- लक्षहोमयज्ञको वर्णन (२०१८)
- लक्षाहुतिपञ्चदशी [प्रथम तथा द्वितीय] (२०३३)
- आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र (परिष्कृत-परिवर्धित तथा विविध-परिशिष्टयुक्त द्वितीयसंस्करण २०३६)
- कवितासङ्ग्रह (२०४०)
- पद्यमाला (२०४०)

स्वाद्ध्यायशाला, १६८, शिवभक्तमार्ग, लाजिम्पाट्, काठमाण्डु-२, नेपाल
फोन ४४३३३२७।